का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ चैत २०८१,
शनिबार
22 March, 2025
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ४८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कांग्रेसमा उचालियो हिन्दु राष्ट्रको बहस


“ महासमिति बैठकमा समेत हिन्दु राष्ट्र घोषणा गर्न दबाब दिँदै हस्ताक्षर अभियान चलाएका थियौं । त्यसबेला बैठकमा सहभागी १ हजार ८१५ महासमिति सदस्यमध्ये १ हजार १५ जनाले हिन्दु राष्ट्रका पक्षमा हस्ताक्षेर गरेका छन्

**शंकर भण्डारी**
**केन्द्रीय सदस्य**



“ धर्म न निरपेक्ष, न सापेक्ष हुन्छ, धर्म त स्वतन्त्र हुन्छ । कांग्रेसको चार तारे झन्डामा भएको एउटा ताराको अर्थ धार्मिक स्वतन्त्रता हो

**डा. शशांक कोइराला**
**पूर्वमहामन्त्री**



“ संविधान संशोधनका सम्भावित एजेन्डा पहिचान गर्न ७ प्रदेशमा छलफल गर्दै जाँदा संविधानको प्रस्तावनामै 'हिन्दु राष्ट्र'को व्यवस्था हुनुपर्छ भन्ने सुझाव जनस्तरबाट आएको छ

**डा. डिला संग्रौला**
**बुद्धिजीवी विभाग प्रमुख**



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ८ चैत ।

धर्मनिरपेक्ष राज्यका पक्षमा संविधान निर्माण गरेको संसद्को पहिलो दल नेपाली कांग्रेसभित्र पछिल्लो समय 'हिन्दु राष्ट्र' बनाउने एजेन्डाको बहस तल्लो तहसम्म पुगेको छ । संविधान संशोधनको मुद्दामा दलहरूले बहस प्रारम्भ गरेसँगै सरकारको प्रमुख सहयात्री दल कांग्रेसमा संविधान संशोधनमा 'हिन्दु राष्ट्र' राख्नुपर्ने बहसले व्यापकता पाएको हो ।

संविधान निर्माणदेखि नै कांग्रेसको एउटा समूह संविधानमा उल्लेखित धर्मनिरपेक्षताको विपक्षमा देखिएको थियो । संविधान सबैको स्वीकार्य हुनुपर्ने विज्ञहरूले बहस चलाउँदै गर्दा कांग्रेसका नेता शंकर भण्डारीको नेतृत्वमा समिति नै बनाएर संशोधन गरेर हिन्दु राष्ट्र कायम गराउनुपर्ने मागलाई स्थापित गर्ने प्रयास भइरहेको थियो ।

अहिले आइपुग्दा उक्त विषय पार्टीका आधिकारी मञ्च र विभिन्न प्रतिवेदनहरूमै समावेश भएर आउन थालेको छ । केही दिनअघि मात्र पार्टीको पेसागत तथा बुद्धिजीवी विभाग र डेमोक्रेटिक लयर्स एसोसिएसन (डीएलए)ले देशभरका ७ वटै प्रदेश र भ्रातृ तथा शुभेच्छुक संघसंस्थासँग छलफल चलाए ।

सो छलफलपश्चात् विभागले हिन्दु राष्ट्रको विषयलाई पार्टीले निर्णय गरेर जानुपर्ने निष्कर्षसहितको प्रतिवेदन बुझाएको छ । पार्टी सभापति शेरबहादुर देउवालाई बुझाएको प्रतिवेदनमा संविधानको प्रस्तावनामा नै हिन्दु राष्ट्रको व्यवस्था गर्नुपर्ने सुझाव छ ।

'संविधानको प्रस्तावनामै हिन्दु राष्ट्र लेख्नुपर्ने बहस हुन थालेको छ', कांग्रेसकी केन्द्रीय सदस्य एवं पेसागत तथा बुद्धिजीवी विभाग प्रमुख डिला संग्रौलाले भनिन्, 'संविधान संशोधनका सम्भावित एजेन्डा पहिचान गर्न ७ प्रदेशमा छलफल चलाएका थियौं । कांग्रेस-एमाले गठबन्धन सरकारको एउटा महत्त्वपूर्ण एजेन्डा पनि संविधान संशोधन थियो । सोहीअनुसार छलफल गर्दै जाँदा संविधानको प्रस्तावनामै हिन्दु राष्ट्रको व्यवस्था हुनुपर्छ भन्ने सुझाव जनस्तरबाट आएको छ ।'

> सभापति देउवाले गत महासमितिको बैठकमै हस्ताक्षर बुझ्दै छलफल गरेर जान सकिने आश्वासन दिए पनि पार्टीका कुनै बैठकमा हिन्दु राष्ट्रको प्रस्ताव भने ल्याइएको छैन । कांग्रेसभित्र धर्मनिरपेक्षको स । धार्मिक स्वतन्त्रता राखिनुपर्ने आवाज पनि बेलाबखत सुनिँदै आएको छ ।

सोही सुझावलाई प्रतिवेदनमार्फत पार्टीलाई बुझाएको उनले मध्यान्हलाई बताइन् । प्रदेशस्तरीय छलफलमा संविधानविद्हरूले संविधानमा भएका व्यवस्थालगायत विषयमा प्रस्तुतीकरण गरेका थिए, जसमा कोशी प्रदेशमा डा. भीमार्जुन आचार्य, मधेशमा सूर्य ढुंगेल, बागमतीमा पूर्णमान शाक्य, गण्डकीमा राधेश्याम अधिकारी, लुम्बिनी र सुदूरपश्चिममा डा. काशीराज दाहाल र कर्णालीमा डा. विपीन अधिकारीले संविधानमा भएका व्यवस्थालगायत विषयमा व्याख्या गरेका थिए ।

कांग्रेस मात्र होइन, राजसंस्थासहितको 'हिन्दु राष्ट्र'को एजेन्डा बोकेको राष्ट्रिय प्रजातन्त्र पार्टी पनि छ । तर, कांग्रेसले राजसंस्थाको विषयलाई उठाउन चाहेको छैन । यही व्यवस्थालाई बलियो बनाउँदै 'धर्मनिरपेक्ष राष्ट्र'को ठाउँमा 'हिन्दु राष्ट्र' बनाउनुपर्ने आवाज पार्टीमा बलियो बन्दै गएको नेपाली कांग्रेसका केन्द्रीय सदस्य शंकर भण्डारीले बताए ।

उनले २०८० फागुनको पहिलो हप्ता गोदावरीमा भएको पार्टीको महासमिति बैठकमा समेत हिन्दु राष्ट्र घोषणा गर्न दबाब दिँदै हस्ताक्षर अभियान नै चलाएका थिए । 'त्यसबेला बैठकमा सहभागी १ हजार ८१५ महासमिति सदस्यमध्ये १ हजार १५ जनाले हिन्दु राष्ट्रका पक्षमा हस्ताक्षर गरेका छन्', भण्डारीले भने ।

१४ पदाधिकारीसहित १६४ जनाको केन्द्रीय समिति रहेको पार्टीका ४४ जना केन्द्रीय सदस्यले हिन्दु राष्ट्रका पक्षमा हस्ताक्षर गरेर बैठकमै सभापतिलाई बुझाएका थिए । यसरी हेर्दा केन्द्रीय समितिको करिब ३० प्रतिशत र महासमिति सदस्यको ५६ प्रतिशत नेताहरू हिन्दु राष्ट्र बनाउने पक्षमा उभिएका देखिन्छ ।

त्यसअघि कांग्रेसको २०७५ सालमा भएको महासमिति बैठकमा पनि हिन्दु राष्ट्र घोषणा माग गर्दै हस्ताक्षर अभियान चलेको थियो । त्यसबेला २ हजार ३०० महासमिति सदस्य रहेकामा ७१७ जनाले हस्ताक्षर गरेका थिए ।


सभापति देउवाले गत महासमितिको बैठकमै हस्ताक्षर बुझ्दै उक्त विषयमा छलफल गरेर जान सकिने आश्वासन दिए पनि पार्टीका कुनै बैठकमा हिन्दु राष्ट्रको प्रस्ताव भने ल्याइएको छैन । तर, पछिल्लो केन्द्रीय समिति बैठकमा शंकर भण्डारी, देवेन्द्रराज कँडेल, प्रकाश रसाइली 'स्नेही', रंगमती शाही, विद्या तिमिल्सिना, गेहेन्द्र गिरी, सीता देवकोटा, अर्जुनजंगबहादुर सिंह, शुक्रराज शर्मा, पुष्पा भुसाल, शारदा पौडेल, नागिना यादव, »» पृष्ठ २ मा

# पुनः दण्डनीय हुँदै अनुचित कार्य

भ्रष्टाचार नगर्ने तर अनुचित कार्यमार्फत मुलुकलाई हानि पुऱ्याउने कार्य, अनुचित कार्य अनुसन्धानबाहिर छ । यसले बेथिति बढाएको भन्दै कानुन आयोगले अनुचित कार्य दण्डनीय बनाउने प्रस्ताव अघि बढाएको हो

“ प्रधानमन्त्री बलियो हुने हाम्रो जस्तो राजनीतिक प्रणालीमा सतर्कता केन्द्रलाई अनुचित कार्य हेर्ने अधिकार दिँदा प्रभावकारी हुन्छ

**■ राधेश्याम अधिकारी**
**वरिष्ठ अधिवक्ता**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ चैत ।

अनुचित कार्यमाथि अनुसन्धान नै हुन नसक्दा यो दण्डनीय हुन सकिरहेको छैन । तर, नेपाल कानुन आयोगले अनुचित कार्यको अनुसन्धान गर्ने अधिकार राष्ट्रिय सतर्कता केन्द्रलाई दिएर पुनः दण्डनीय बनाउने प्रस्ताव गरेको छ ।

हाल अनुचित कार्यमाथि अनुसन्धान नै हुन नसक्दा यो दण्डनीय हुन सकिरहेको छैन । तर, आयोगले यसमाथि अनुसन्धान गर्ने र कारबाहीको अधिकारसमेत दिएर अनुचित कार्यलाई पुनः दण्डनीय बनाउने प्रस्ताव गरेको हो ।

यसका लागि आयोगले 'राष्ट्रिय सतर्कता केन्द्रको अधिकार र कार्य संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'को मस्यौदा नै तयार पारेको छ । यो मस्यौदा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय पुगेको छ ।

कानुन मन्त्रालयबाट अगाडि बढेर मन्त्रिपरिषद् कार्यालय हुँदै संसद्मा आएर पारित भए यो ऐनको रूपमा बदलिन्छ र अनुचित कार्य पुनः दण्डनीय हुने छ किनभने विधेयकअनुसार अनुचित कार्यको सम्बन्धमा सतर्कता केन्द्रले अनुसन्धान गरेर कारबाहीको निर्णय लिन्छ ।

यो नहुँदा विगत लामो समयदेखि अनुचित कार्य अनुसन्धानको दायराबाहिरै रहँदै आएको छ ।

नेपालको संविधान, २०७२ ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुचित कार्य हेर्ने अधिकार खोसेको थियो । तर, अर्को कुन निकायले हेर्ने भनेर तोकिदिएन । संविधानले अख्तियारलाई सार्वजनिक पद धारण गरेका व्यक्तिले अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको विषयमा अनुसन्धान गर्न पाउने अधिकार मात्र दिएको छ ।

अख्तियारबाट खोसिएपछि सरकारले अनुचित कार्य हेर्नेगरी नयाँ कानुन ल्याउन ढिलाइ गरेको बताउँछन् पूर्वसांसद राधेश्याम अधिकारी । सरकारले ऐन नल्याएको भनेर आफूहरूले भ्रष्टाचार निवारण ऐन संशोधन »» पृष्ठ २ मा

# दलहरूमाथि लगाम लगाउँदै आयोग

- प्रतिनिधिसभामा समानुपातिकतर्फ कम्तीमा ३ प्रतिशत ल्याउनै पर्ने
- ३ प्रदेशबाट १/१ जना प्रत्यक्ष निर्वाचित हुनुपर्ने
- स्वतन्त्र उम्मेदवारले कार्यकालभर कुनै पनि दलको सदस्य बन्न नपाउने
- दललाई राज्य कोषबाट अनुदान दिन सकिने
- सार्वजनिक पद धारण गरेको व्यक्ति दलको सदस्य बन्न नपाउने
- घोषणापत्रअनुसार गरेको कामको विवरण बुझाउनुपर्ने

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ८ चैत ।

निर्वाचन आयोगले राजनीतिक दलहरूलाई समावेशी, आर्थिक रूपमा पारदर्शी र लोकतन्त्रप्रति थप जिम्मेवार बनाउनेगरी राजनीतिक दलसम्बन्धी ऐन संशोधनको प्रस्ताव गरेको छ ।

आयोगले तयार गरेको 'राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्ने विधेयक'को मस्यौदामा यस्तो प्रस्ताव गरेको हो । आयोगले मस्यौदामाथि रायसमेत आह्वान गरेको छ ।

आयोगले निर्वाचन कानुनमा सुधार, कानुनलाई समयसापेक्ष संशोधन तथा परिमार्जन गर्न निर्वाचन व्यवस्थापनसँग सम्बन्धित अलगअलग रहेका ७ वटा कानुनलाई एकीकृत रूपमा संशोधन एवं परिमार्जन गरी 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक'को मस्यौदा तयार गरेको थियो । उक्त मस्यौदा गत असारमै व्यवस्थापिका संसद् समक्ष पेस गर्न गृह मन्त्रालयमा बुझाइसकेको छ ।

३० फागुनमा उक्त ऐनमा भएका व्यवस्थाहरूमा संशोधन तथा परिमार्जन गरिनुपर्ने विषयहरूमा सुझाव माग गर्न आयोगमा दर्ता रहेका सबै राजनीतिक »» पृष्ठ २ मा

## सजिलो छैन दल विभाजन

आयोगले तयार गरेको राजनीतिक दलसम्बन्धी मस्यौदा संसद्बाट स्वीकृत भए स्वतन्त्र उम्मेदवारका रूपमा जितेका कुनै पनि उम्मेदवारले त्यो कार्यकालभर कुनै पनि राजनीतिक पार्टीको सदस्य बन्न नपाउने नयाँ ऐन बन्ने छ । स्वतन्त्र उम्मेदवारी दिएर जितेको व्यक्तिले दलको सदस्यता लिए पद नै रिक्त रहने प्रबन्धसमेत गरिएको छ ।

पदकै लोभमा पार्टी फुटाउने क्रम बढेकाले त्यसलाई नियन्त्रण गरेर राजनीतिक दललाई बलियो बनाउन नयाँ प्रस्ताव गरिएको हो ।

सांसदहरूले संख्या पुऱ्याएर दल विभाजन गर्न सक्ने तर त्यसो गरेमा उनीहरूको पद रिक्त हुने कानुनको मस्यौदामा छ ।

मस्यौदामा केन्द्रीय समिति र संसदीय दलमध्ये कुनै १ मा ४० प्रतिशत पुऱ्याएर दल विभाजन गर्न सकिने व्यवस्था छ । तर, यसरी नयाँ दल बनाए वा अर्को कुनै दलमा प्रवेश गरे दल त्याग गरेको मानिने »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# साउदी जाने कामदारलाई पोलियोविरुद्धको खोप अनिवार्य

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ चैत ।

वैदेशिक रोजगारीमा साउदी अरेबिया जाने नेपाली कामदारलाई पोलियो भाइरसविरुद्धको खोप पनि अनिवार्य गरेको छ । उक्त खोप गत १० फेब्रुअरीदेखि अनिवार्य गरिएको हो । साउदी अरेबियामा उडान भर्दै आएको नेपाली निजी विमान कम्पनी हिमालयन एयरलाइन्सले एक सूचना जारी गर्दै साउदी नागरिक र आवासीय भिसाबाहकलाई पोलियो भाइरसविरुद्धको खोप अनिवार्य गरिएको बताएको छ ।

पोलियो रोग दूषित खाना र पानीको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्छ । सन् २०१४ मा पोलियोमुक्त घोषणा भएको नेपालमा केही समयअघि काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रमा पोलियोका बिरामी देखापरेका थिए । सन् २०२६ सम्म पोलियो उन्मूलन गर्ने नेपाल सरकारको लक्ष्य छ ।

साउदी अरेबिया जाने कामदारलाई केही दिनअघि अमेनिन्गोकोकल नामको खोप पनि अनिवार्य गरिएको थियो ।

मेनिन्गोकोकल एक प्रकारको ब्याक्टेरिया भएको तथा त्यसले मस्तिष्क र मेरुदण्डको वरिपरि रहेको पातलो तन्तुको सुजन गराउने रक्त प्रवाहको गम्भीर सरुवा संक्रमण निम्याउने बताइन्छ । साउदी अरेबियाले हजका लागि आफ्नो मुलुक प्रवेश गर्दा मेनिन्गोकोकल संक्रमणविरुद्धको खोप अनिवार्य गरेको छ ।

साधारण अवस्थामा १ डोजको ३ हजार ५०० रुपैयाँ पर्ने उक्त खोपको मूल्य हाल ९ हजारसम्म पुऱ्याइएका कारण काम गर्न जाने कमजोर आर्थिक अवस्थाका कामदारलाई समस्या पारेको छ ।

एक व्यक्तिबाट सजिलोसँग अर्को व्यक्तिमा फैलिन सक्ने भएकाले साउदी अरेबियाले बढी नै सतर्कताका साथ उक्त खोप लगाए/नलगाएको निगरानी गर्ने गरेको छ ।

## ढकालको नेतृत्वमा माओवादीको वैदेशिक रोजगार शाखा



**काठमाडौं/मस-** इगल म्यानपावर कन्सल्टचान्टका संचालक कृष्ण ढकालको अध्यक्षतामा नेकपा (माओवादी केन्द्र) उपत्यका विशेष प्रदेश उद्यमी महाशाखाअन्तर्गत १३ सदस्यीय वैदेशिक रोजगार शाखा गठन भएको छ ।

शुक्रबार सम्पन्न शाखाको दोस्रो भेलाले कार्यसमिति चयन गरेको हो । शाखाको उपाध्यक्षमा साउदी नेपाल रिक्रुटमेन्ट प्रा. लि.का संचालक सोम तामाङ छन् ।

त्यस्तै, उपध्यक्षमा अल फलस ग्रुप ह्युमन रिसोर्स प्रा. लि.का संचालक राजु शर्मा र त्रिपल स्टारका सरोज लामा छन् । यासिन ओभरसिजका इन्द्रमणि न्यौपाने सचिव पदमा निर्वाचित भएका छन् । सहसचिवमा फरएभर ह्युमन »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
९ चैत २०८१ शनिबार
22 March 2025, Saturay

# ‘२०८४ सम्म प्रधानमन्त्रीको दौडमा छैन’

**पर्सा/मस–** नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले नेपालमा राजतन्त्र फर्किने कुरा असम्भव रहेको बताएका छन् । जनतासँग माओवादी तराई-मधेश जागरण अभियानअन्तर्गत शुक्रबार वीरगन्जमा नागरिक समाजसँगको संवादमा अध्यक्ष दाहालले अब राजा महाराजा फर्कने कुरा असम्भव भएको बताए ।

राजा फर्कने सम्भव भएपनि पूर्वपञ्चहरूले धमिलो पानीमा माछा मार्ने काम गरिरहेको उनले टिप्पणी गरे । अध्यक्ष दाहालले पूर्वराजा ज्ञानेन्द्रले ८६/८७ वर्षका वृद्ध पूर्वपञ्च नवराज सुवेदीलाई राजसंस्था पुनस्थापना गर्ने जिम्मेवारी दिएको बताउँदै नहुने बेला बुद्धि उल्टो उल्टो जान्छ भन्ने उखान चरितार्थ भएको बताए । नेपाली जनताले सम्मानका साथ पूर्वराजालाई बस्न दिएको उल्लेख गर्दै ट्रस्टमार्फत शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा काम गर्न सुझाव दिए ।

पूर्वराजा ज्ञानेन्द्रले राजनीति गर्न नसक्ने बताउँदै दाहालले २ सय ५० वर्षसम्म शाह वंशले देश चलाउने अवसर



पाएर पनि असफल भएको दाबी गरे ।

वर्तमान सरकारले भ्रष्टाचारीलाई जोगाउने, बेथिति र अराजकता कायम गर्ने काम गरेको कारण जनतामा असन्तुष्टि बढेको र त्यसको फाइदा पूर्वराजा र उनका समर्थकहरूले उठाउन खोजेको दाहालको भनाइ छ । फरक प्रसंगमा उनले शासकीय स्वरूपमा संसदीय निर्वाचन प्रणाली मात्र अपनाएर नहुने बताउँदै जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख चाहिएको बताए । त्यस्तो कार्यकारी प्रमुखले ५ वर्ष काम गर्न पाउने सुनिश्चितता हुनुपर्ने पनि उनले उल्लेख गरे ।

दाहालले केही समयभित्रै नेपालमा केही न केही परिवर्तन हुने संकेत पनि गरे । तर त्यसबारे उनले केही बताएनन् ।

त्यसअघि वीरगन्जमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै अध्यक्ष दाहालले वर्तमान सरकार भ्रष्टाचारीहरूलाई जोगाउनका लागि मात्र बनेको आरोप लगाए । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार नराम्रो काम गर्नका लागि बनेको उनको भनाइ थियो ।

उनले लेखा समितिको सभापति प्रमुख प्रतिपक्षी माओवादीले पाउनुपर्ने बताउँदै लेखा समिति सभापतिलाई ठूला आरोप लागे पनि प्रधानमन्त्रीले चोख्याउन तागत लगाइहरेको आरोप लगाए ।

आफू २०८४ सम्म प्रधानमन्त्री बन्ने दौडमा नरहेको बताउँदै दाहालले अब जनताको साथमा रहने प्रतिबद्धता जनाए । सरकारमा हुँदा र प्रतिपक्षमा हुँदा फरक व्यवहार नदेखाउने माओवादीको नीति रहेको उल्लेख गर्दै आफ्नो नेतृत्वको सरकार भ्रष्टाचारीहरूले हटाएको दाबी गरे ।

उनले माओवादी सरकारमा रहँदा भ्रष्टाचारविरुद्धको अभियान छेडिएको र आर्थिक विकासको गति बढाउने प्रयास गरिएको पनि दाबी गरे ।

# लेखा समितिले १५ दिनमा ४८ वटा उजुरी छानबिन गर्ने

**काठमाडौं/मस–** प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले १५ दिनभित्र ४८ वटा उजुरी छानबिन गर्ने भएको छ ।

समितिको शुक्रबार बसेको बैठकले त्यसका लागि विषयगत रूपमा ७ वटा उजुरी अध्ययन कार्यदल गठन पनि गठन गरिएको सभापति ऋषिकेश पोखरेलले जानकारी दिए । ७ दिनभित्र समिति सचिवालयले सबै उजुरीका सम्बन्धमा सम्बन्धित निकायसँग प्रतिक्रिया माग गरि १५ दिनभित्र सबै उजुरीलाई निर्णयमा पुऱ्याइने सभापति पाखरेलले बताए ।

समितिले छानबिनका लागि छनोट गरेका उजुरीमा नेपाल टेलिकमसँग सम्बन्धित ६ वटा, धितोपत्र बोर्डसँग सम्बन्धित ५, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहतको नागरिक उड्डयन प्राधिकरण, लुम्बिनी विकास कोष, नेपाल वायुसेवा निगमसँग सम्बन्धित ६ वटा छन् ।

त्यसै गरी नेपाल स्काउट, नेपाल टेलिभिजन, वैदेशिक रोजगार विभाग, अर्थ मन्त्रालय, अमेरिकी सरकारको मिलेनियम



च्यालेञ्ज कर्पोरेशन (एमसिसी), क्रसर उद्योग, विद्युत् प्राधिकरण, मोबाइल बैंकिङ, दूरसञ्चार प्राधिकरण, स्वास्थ्य सेवा विभाग, पराष्ट्रमन्त्रालय, खेलकुद परिषद् तथा सहरी विकास मन्त्रालयसँग सम्बन्धित उजुरी परेको समितिको सचिवालयले जनाएको छ ।

यस्तै, सरकारी जग्गा फिर्ता, केन्द्रीय अनुसन्धान ब्युरोको सिम लोकेटर खरिद, बिमा र बाटो ग्राभेलसँग जोडिएका उजुरी पनि छन् । १५ वैशाख २०८०मा समिति गठन भएयता १ सयवटा उजुरी परेकामा समितिका सदस्य सञ्जयकुमार गौतमको संयोजकत्वमा गठित उपसमितिले ४८ वटा मात्र छानबिन गर्न सिफारिस गरेको थियो ।

अरु ५२ वटा उजुरी भने अख्तियारले छानबिन गरिरहेको छ । केही उजुरीका विषयमा अदालतमा मुद्दा चलिरहेको तथा केही उजुरीमा लगाइएको आरोप आग्रह र पूर्वाग्रहबाट मात्र प्रेरित देखिएको पनि समितिले जनाएको छ । पोखरा र भैरहवा विमानस्थल निर्माणमा भएको भनिएको अनियमितता छानबिन उपसमितिलाई पनि आगामी १५ दिनभित्र प्रतिवेदन बुझाउन बैठकले निर्देशन दिएको छ ।

समितिका सदस्यद्वय योगेशकुमार भट्टराईको संयोजकत्वमा भैरहवा र राजेन्द्र लिङ्देनको संयोजकत्वमा पोखरा विमानस्थल निर्माणका बखत भएको भनिएको अनियमितता छानबिन गर्न गठित उपसमितिले काम गरिरहेको छ ।

# प्रत्येक पालिकामा आपत्कालीन गोदामघर व्यवस्थापन गरिने

**काठमाडौं/मस–** गृह मन्त्रालयले विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीसहित मुलुकभरका स्थानीय तहमा आपतकालीन गोदामको व्यवस्थापन गर्न पहल गरेको छ ।

गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा शुक्रबार गृह मन्त्रालयमा बसेको विषयगत समितिको बैठकले विपद् जोखिम न्यूनीकरण कार्यलाई प्रभावकारी बनाउन जोखिमको नक्साकंन, सुरक्षित बासस्थान निर्माण, पूर्वतयारी, प्रतिकार्य, पुर्नलाभ, पुनःस्थापनाका कार्य राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश



विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिहरूले समन्वायत्मक रुपमा गर्ने निर्णयसमेत भएको छ ।

यसैगरी बैठकमा नगर प्रहरीको क्षमता विकासमा मागअनुसार नेपाल प्रहरीले सहयोग गर्ने निर्णय भएको गृह मन्त्रालयका प्रवक्ता/सहसचिव रामचन्द्र तिवारीले जानकारी दिए । यस्तै, पछिल्लो समय बढ्दै गएको लागुऔषध दुर्व्यसन, आत्महत्या, सडक दुर्घटना, साइबर अपराधलगायत सुरक्षा चुनौतीको न्यूनीकरण गर्दै नागरिकको जिउधन र सम्पत्तिको सुरक्षा गर्न नीति कार्यक्रम तथा पूर्वाधार निर्माणमा सहकार्यलाई थप सुदृढ बनाइने निर्णय भएको छ ।

प्रहरी समायोजन कार्यलाई निष्कर्षमा पुर्याउन आवश्यक कानुन परिमार्जन तथा व्यवस्थापकीय तयारी कार्यलाई गृह मन्त्रालयले प्रदेश सरकारसँग समन्वय गरी अगाडि बढाउने निर्णय भएको गृह मन्त्रायलले जनाएको छ । ‘देशको समग्र शान्ति सुरक्षाको अवस्था र प्रादेशिक रूपमा देखिएका सुरक्षा चुनौतीहरूको विश्लेषण तथा समीक्षा गरिएको छ’, प्रवक्ता तिवारीले भने, ‘बैठकमा भएका निर्णय र प्राप्त सुझावसहितको प्रतिवेदन राष्ट्रिय समन्वय परिषद्मा पठाइनेछ ।’ पछिल्ला दिनमा देखिएका संविधान तथा व्यवस्था विरोधी गतिविधिलाई निस्तेज गर्दै विद्यमान सुरक्षा चुनौतीहरूको सुक्ष्म निगरानी तथा नियन्त्रण गरी आमनागरिकमा सुरक्षाको प्रत्याभूति दिलाउन गृह मन्त्रालय र प्रदेश सरकारका सम्बन्धित मन्त्रालयबीचको सहकार्यलाई प्रभावकारी बनाउनेसमेत निर्णय भएको मन्त्रालयले जनाएको छ ।

बैठकमा गृहमन्त्री लेखकले प्रादेशिक आपत्कालीन गोदामहरू प्रदेश सरकारलाई हस्तान्तरण थालिएको जानकारी दिए ।

## कांग्रेसमा...

नृपबहादुर बड, सञ्जय गौतम, भीम पराजुली, दिनेश कोइराला, मुक्ताकुमारी यादव, डिला संग्रौलासहितले हिन्दु राष्ट्रबारे छलफल हुनुपर्ने मागसहित पूरक प्रस्ताव पेस गरेका थिए ।

पार्टी सभापति देउवाले विभागको जिम्मेवारी दिएका नेता डिला संग्रौलाले यस्ता प्रतिवेदन बनाएर सभापतिको ध्यानाकर्षण गराएपछि यो विषयलाई थप महत्त्वका साथ हेरिएको छ । सभापतिबाटै विभाग प्रमुखमा मनोनीत संग्रौलाले ल्याएको प्रतिवेदन आउनुअघि सभापतिले नै ‘ग्रीन सिग्नल’ दिएको कतिपय नेताहरूले आशंका व्यक्त गरेका छन् । अन्य दलहरूले भने संविधानमा हिन्दु राष्ट्र राख्ने वा नराख्ने भन्ने कुनै धारणा सार्वजनिक गरेका छैनन् ।

पार्टीको पेसागत तथा बुद्धिजीवी विभाग र लोकतान्त्रिक वकिलहरूको संस्था डीएलएले सातै प्रदेशमा ‘संविधान संशोधन : आजको आवश्यकता र चुनौती’बारे छलफल गरेर सुझाव संकलन गरेका थिए । उक्त छलफलमा आएका सुझावका आधारमा कांग्रेसभित्र हिन्दु राष्ट्रबारे बहस सतहमा आएको हो ।

संविधान संशोधनका सम्भावित एजेन्डा पहिचान गर्न आयोजित छलफलमा उठेका विषयलाई प्रतिवेदनमा समेटेर पार्टी नेतृत्वलाई बुझाएको नेपाल डेमोक्रेटिक लयर्स एसोसिएसन (डीएलए)का अध्यक्ष वरिष्ठ अधिवक्ता सीताराम केसीले बताए ।

‘संविधान संशोधनको विषय हामी बोलेर मात्र हुँदैन’, उनले भने, ‘छलफलका क्रममा सहभागीहरूबाट हिन्दु राष्ट्रको विषय पनि आएको र त्यसलाई प्रतिवेदनमा समेटिएको हो । यो आयोजकले उठाएको विषय भने होइन ।’

कांग्रेसभित्र धर्मनिरपेक्षको सट्टा धार्मिक स्वतन्त्रता राखिनुपर्ने आवाज पनि बेलाबखत सुनिँदै आएको छ । बीपीपुत्रसमेत रहेका पूर्वमहामन्त्री डा. शशांक कोइरालाले धर्मनिरपेक्ष मुलुक बनाएर गल्ती भएको उल्लेख गर्दै धर्म स्वतन्त्र हुने बताउँदै आएका छन् । ‘धर्म न निरपेक्ष, न सापेक्ष हुन्छ, धर्म त स्वतन्त्र हुन्छ’, पूर्वमहामन्त्री कोइरालाको तर्क छ, ‘कांग्रेसको चार तारे झन्डामा भएको एउटा ताराको अर्थ धार्मिक स्वतन्त्रता हो ।’

हिन्दु राष्ट्र कायम राख्ने विषय कांग्रेसभित्र पटक-पटक उठ्दै आएको एजेन्डा भएकाले अहिले तल्लो तहसम्म पुगेको नेताहरूले बताएका छन् । ‘नेपाली कांग्रेसले अब संविधान संशोधन आयोग वा कार्यदल बनाउँछ । त्यसबेला हामीले दिएका सुझावलाई कार्यान्वयन गरेर अघि बढ्न सभापतिलाई आग्रह गर्छौं’, नेता संग्रौलाले भनिन् ।

कांग्रेसका महामन्त्री गगन थापाले गत बुधबार तनहुँमा आयोजित सार्वजनिक कार्यक्रममा सबै जात, धर्म र भाषालाई समान रूपमा हेर्ने अभिव्यक्ति दिएका थिए । ‘नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक देश छ । सबै जात, धर्म तथा भाषालाई समान ठाउं दिन्छौं । नेपालमा पछिल्लो समयमा धर्म परिवर्तन जताततै देखिरहेका छौं, यसलाई हामीले रोक्नुपर्ने छ’, उनले भनेका थिए ।

नेपालको संविधान, २०७२ मा ‘नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो’ भन्ने उल्लेख छ । साथै, नेपालमा मानिँदै आएका सबै सनातान धर्महरूको रक्षा गरिने संविधानमा लेखिएको छ । कांग्रेस र एमालेबीच गत १७ असारमा भएको ७ बुँदे सहमतिमा संविधान संशोधन गरेर जाने बुँदा पनि समावेश छ तर कुनकुन विषयमा संविधान संशोधन गर्ने भन्नेमा कांग्रेस र एमाले नै अलमलमा छन् ।

## पुनः दण्डनीय...

विधेयकमै अनुचित कार्यको परिभाषा गरेर सतर्कता केन्द्रलाई अधिकार दिन प्रयास गरेको उनले स्मरण गरे । त्यो सम्भव नभए तापनि कानुन आयोगले मस्यौदा बनाएर अगाडि बढाउनु सकारात्मक विषय रहेको उनले बताए ।

वरिष्ठ अधिवक्तासमेत रहेका अधिकारी भन्छन्, ‘प्रधानमन्त्री बलियो हुने हाम्रो जस्तो राजनीतिक प्रणालीमा सतर्कता केन्द्रलाई अनुचित कार्य हेर्ने अधिकार दिँदा प्रभावकारी हुन्छ ।’

भ्रष्टाचार नगर्ने तर अनुचित कार्यमार्फत मुलुकलाई हानि पुऱ्याउने कार्यलाई अनुचित कार्य मान्ने गरिएको छ ।

यसको व्याख्या अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पुरानो ऐनमा थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा अनुचित कार्यको व्याख्या गरिएको छ, जसअनुसार अनुचित कार्य भन्नाले सार्वजनिक पद धारण गरेका व्यक्तिले गर्नुपर्ने काम नगर्ने, काम पन्छाउने, काम गर्दा कायविधि पालना नगर्ने आदि पर्छन् ।

अन्य कार्यालय, अधिकारी वा कर्मचारीको कार्यमा अनाधिकार बाधा उत्पन्न गरेको वा त्यस्तो कार्यालय, अधिकारी वा कर्मचारीलाई दबाब दिई कुनै अनधिकृत कार्य गराएको, आफूले गर्नुपर्ने कुनै काम नगरी अन्य कार्यालय वा अन्य अधिकारीकहाँ पठाई आफ्नो उत्तरदायित्व पन्छाएको, आफ्नो पदको प्रकृतिअनुसार पालन गर्नुपर्ने कुनै पदीय कर्तव्य पालन नगरेमा अनुचित कार्य हुने छ ।

आफ्नो मातहतमा रहेका कर्मचारी वा आफ्नो प्रभावमा रहेका व्यक्तिलाई अनुचित दबाब दिई वा प्रलोभनमा पारी आफ्नो अनुकूलको काम गराएको वा आफूलाई पदीय हैसियतले प्राप्त उन्मुक्ति, सुविधा वा सहुलियतको दुरुपयोग गरेको पाइएमा अनुचित कार्य भएको मानिनेगरी कानुन आयोगले विधेयकको मस्यौदा तयार पारेको हो ।

## दलहरूमाथि...

दलहरूलाई पत्राचार गरी राय सुझावका लागि आह्वान गरेको थियो ।

त्यसक्रममा राजनीतिक दल तथा अन्य सरोकारवालाहरूसँग बृहत् अन्तरक्रिया, छलफलमार्फत राय सुझाव संकलन गरी प्रतिवेदन तयार गरेको थियो ।

आयोगले राजनीतिक दलसम्बन्धी ऐन संशोधन मस्यौदा उपर विद्यमान व्यवस्थाबाहेक केही फरक र कडा प्रस्ताव गर्दै थप राय सुझाव मागेको छ ।

**३ प्रतिशत थ्रेसहोल्ड अनिवार्य**

आयोगले गरेको प्रस्तावअनुसार राष्ट्रिय दलको मान्यता प्राप्त गर्न प्रतिनिधिसभामा समानुपातिकतर्फ सदर मतको कम्तीमा ३ प्रतिशत ल्याउनै पर्ने व्यवस्था गरिएको छ ।

दलहरूबीच ३ प्रतिशत थ्रेसहोल्ड बढाउने वा घटाउने भन्ने बहस जारी रहेकै बेलामा आयोगले यसलाई अनिवार्य गरेको हो ।

यस्तो प्रस्ताव आयोगद्वारा नै तयार पारिएको राजनीतिक दलसम्बन्धी कानुन संशोधनको मस्यौदामा गरिएको हो ।

तर, समानुपातिक निर्वाचन प्रणालीतर्फ सांसद चुन्न कुनै पनि दलले प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ कम्तीमा ७० प्रतिशत सिटमा उम्मेदवारी दिनुपर्ने नयाँ प्रावधान थपिएको छ । त्यति मात्र नभएर कम्तीमा ३ प्रदेशबाट १/१ जना प्रत्यक्ष निर्वाचित हुनुपर्ने प्रस्ताव पनि आयोगको मस्यौदामा छ ।

आयोगले दल विभाजनसम्बन्धी प्रावधानलाई पनि थप स्पष्ट बनाएर मस्यौदा तयार पारेको हो । उता, निर्वाचन व्यवस्थापनलाई सहज बनाउन डेढ वर्ष अगाडि नै स्वीकृत गरिएको निर्वाचनसम्बन्धी कानुन एकीकृत गर्न बनेको विधेयक भने अझै सदनमा पेस भएको छैन ।

## सजिलो...

प्रावधान प्रस्ताव गरिएको छ ।

यसअघि आवश्यक संख्या पुऱ्याएर एउटा पार्टी फुटाई अर्को पार्टी बनाउँदा पनि सांसद पद कायम रहने व्यवस्था थियो । त्यसबाहेक तोकिएको मापदण्डका आधारमा दललाई राज्य कोषबाट अनुदान दिन सकिने व्यवस्था आयोगको नयाँ प्रस्तावमा उल्लेख छ । केही वर्षदेखि राजनीतिक दलहरूलाई राज्यकोषबाटै रकम दिनुपर्ने आवाज उठ्दै आएको छ ।

यसबाहेक कुनै पनि दलको केन्द्रीय समितिमा न्यूनतम २१ सदस्य र अधिकतम ३५१ जना हुनुपर्ने व्यवस्थाका लागि आयोगले प्रस्ताव गरेको छ ।

त्यस्तै, राष्ट्रिय दलका सवालमा आयोगले गरेको मस्यौदामा अतिरिक्त शर्त अघि सारेको छ ।

राजनीतिक दलहरूले आयोगमा बुझाउने विधानमा पदाधिकारीको योग्यता, अनुभव र उमेर हदसमेत उल्लेख गर्नुपर्ने छ । एकीकरण भएको दलले १ वर्षभित्र महाधिवेशन गर्नुपर्ने छ । कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति दलको सदस्य बन्न नपाउने व्वस्था गरिएको छ ।

त्यति मात्र होइन, विदेशको स्थायी आवासीय अनुमतिपत्र नलिएको हुनुपर्ने प्रावधान थपिएको छ । यो प्रावधानले दलहरूले विदेशमा गठन गर्ने संगठनहरूमा समेत नेपाली नागरिकता त्याग गरेको व्यक्तिले सदस्यता लिन पाउने छैनन् ।

प्रस्तावित मस्यौदा स्वीकृत भए दलहरूले घोषणापत्रअनुसार गरेको कामको विवरण पनि आयोगलाई बुझाउनुपर्ने छ ।

उता, निर्वाचन कानुनलाई एकीकृत गर्न बनेको विधेयक आयोगले गत असारमै सरकारलाई बुझाइकेको छ ।

## ढकालको...

रिसोर्स प्रा. लि.का रवीन्द्र राई निर्वाचित भएका छन् भने कार्यसमिति सदस्यमा यभो सपोर्ट ह्युमन रिसोर्स प्रा. लि.का बिमल बस्नेत, भैरव इन्टरनेसनल सर्भिसेस प्रा.लि.का सुमिना तामाङ, सोही म्यानपावर कम्पनीका, पर्सा ओभरसिज प्रा. लि.का इन्द्र तामाङ, इम्पावर ओभरसिज प्रा. लि.का तारामणि राई, कान्तिपुर ओभरसिज प्रा. लि.का नवराज पाण्डे, अरेबियन सेन्टर प्रा. लि.का तिपेन्द्रप्रसाद न्यौपाने र गोल्डेन एचिभर्स इन्टरनेसनल प्रा. लि.का हस्तबहादुर तामाङ छन् ।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य तथा पूर्व श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवको प्रमुख अतिथि थिए । त्यस्तै, माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा महाशाखाका इन्चार्ज कृष्ण केसी, उपत्यका विशेष प्रदेश समितिका सचिव कमल सापकोटा, उपत्यका विशेष प्रदेश समितिका सदस्य ईश्वरी पाण्डे तथा उपत्यका विशेष प्रदेश उद्यमी व्यवसायी महाशाखाका अध्यक्ष अम्बिर गुरुङ तथा महासचिव कुन्छा दोर्जे दिमदोङलगायतका व्यवसायीको उपस्थिति थियो ।

# सिरहाका प्रजिअ दाहाल गृह मन्त्रालय तानिए

**काठमाडौं/मस–** सिरहा जिल्लाका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहाललाई गृह मन्त्रालय तानिएको छ । सिराहाको प्रमुख जिल्ला अधिकारीमा कपिलबस्तुका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याललाई पठाइएको गृह मन्त्रालयले जनाएको छ ।

महायज्ञ गर्न दलित परिवारलाई हटाएको भन्नेबारे विषयमा सत्यतथ्य र स्वतन्त्र छानबिन गर्न गृहमन्त्री रमेश लेखकले प्रहरीलाई निर्देशन दिइसकेका छन् ।

सिरहाको औरही गाउँपालिका ५ मा महायज्ञ आयोजना गर्न भन्दै दलित परिवारको घर भत्काइएको विषय संसद्सम्म पुगेपछि प्रजिअलाई फिर्ता बोलाइएको हो ।

बिहीबार बसेको प्रतिनिधिसभा बैठकमा सांसदहरूले आकस्मिक समय लिएर उक्त विषय उठाएका थिए । उनीहरूले पीडित परिवारलाई न्याय दिलाउन र दलित समुदायमाथि भइरहेका हत्या, हिंसा तथा विभेदका घटनामा दोषीलाई कारबाही गर्न सरकारको ध्यानाकर्षण गराएका थिए ।




**दोषीलाई कारबाहीको माग**

समन्यायिक समाज नेपालले महायज्ञ गर्ने भन्दै सिरहाको औरही गाउँपालिका-५ का दीपक मरिक (डोम) को घर भत्काइएकाप्रति ध्यानाकर्षण गराउँदै दोषीलाई कारबाही गर्न माग गरेको छ ।

समाजका अध्यक्ष भक्त विश्वकर्माले विज्ञप्ति जारी गरी महायज्ञ गर्ने भन्दै स्थानीय दलित समुदायका मरिकको घर भत्काइएको घटनाप्रति दुःख व्यक्त गर्दै दोषीलाई कारबाही गर्न माग गरे । जातीय भेदभाव तथा छुवाछुत कसुर तथा सजाय ऐन, २०६८ तथा अन्य कानुनी प्रावधानहरूको कडाइपूर्वक कार्यान्वयन गरी दोषीमाथि कडा कारबाही र पीडितलाई न्याय दिन नेपाल सरकारसमक्ष समाजले माग गरेको हो ।

‘यही चैत १७ गतेदेखि सुरु गर्न लागिएको विष्णु महायज्ञका लागि दीपक मरिक (डोम) को घर भत्काइएको छ, जसकारण पीडित परिवार अहिले विस्थापित भएको छ । पीडित परिवारको भनाइअनुसार दलित भएकै कारण डोम समुदायको घर भएको स्थानको माटोसमेत खनेर फालिएको छ’, अध्यक्ष विश्वकर्माले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘सञ्चारमाध्यममा आएका खबरअनुसार महायज्ञ सञ्चालन गरिरहेका बजरङ्गी बाबाले दलित परिवार त्यहाँ रहे महायज्ञ नहुने भनी अडान लिएपछि स्थानीय पालिका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादवको मिलेमतोमा उक्त घर भत्काइएको छ, यस आपराधिक घटनाको समन्यायिक समाज नेपाल घोर भर्त्सना गर्दछ ।’ नेपाललाई छुवाछुत मुक्त घोषणा गरेको १८ वर्ष बितिसकेको, नेपालको संविधान र कानुनले दण्डनीय अपराधका रूपमा किटान गरिसकेको अवस्थामा पनि जनप्रतिनिधिसमेत संलग्न भई विभेद गरी उठिबास लगाउने यस्ता कार्य हुनु जघन्य अपराध भएको समाजको ठहर छ ।

‘दैनिक रूपमा दलित समुदाय जातीय छुवाछुत र विभेदको सिकार बनिरहे पनि धेरै घटना बाहिर आउन सकेका छैन । पीडितहरू अन्याय सहन बाध्य छन् । सबैलाई धर्म मान्ने अधिकार छ तर धर्मका नाममा उठिबास लगाउनु निन्दनीय एवं दण्डनीय हो’, विज्ञप्तिमा भनिएको छ, ‘यस परिस्थितिमा, समन्यायिक समाज नेपालले नेपालको संविधान, जातीय भेदभाव तथा छुवाछुत कसुर तथा सजाय ऐन, २०६८ तथा अन्य कानुनी प्रावधानहरूको कडाइपूर्वक कार्यान्वयन गरी दोषीमाथि कडा कारबाही र पीडितलाई न्याय दिन नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ ।’

# आगलागीका घटनामा ६ को मृत्यु ३८ परिवार विस्थापित

**काठमाडौं/मस–** गएको एक महिनामा देशका विभिन्न क्षेत्रमा लागेको आगलागीबाट ६ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा एक पुरुष, चार महिला र एक बालक रहेका छन् । ती आगलागीका घटनमा ३० पुरुष, २६ महिला, ६ बालक र तीन बालिका घाइते भएका छन् ।

एक महिनामा देशभर ५०१ आगलागीका घटना भएका नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले जानकारी दिए । आगलागीबाट ८७ घर र ५७ गोठमा क्षति भएको छ । आगलागीबाट १४६ पशुचौपाय मरेका छन् । घटनापछि ३८ परिवार विस्थापित भएका छन् । आगलागीबाट रु ४० करोड ४८ लाख बराबरको क्षति भएको छ । विभिन्न स्थानमा लागेको आगलागी नियन्त्रणका लागि तीन हजार ६१४ प्रहरी परिचालन गरिएको उनले जानकारी दिए ।

सबैभन्दा बढी कोशी प्रदेशमा १३५ आगलागीका घट्ना भएका थिए । मधेस प्रदेशमा १०५, बाग्मती प्रदेशमा ४४, काठमाडौं उपत्यकामा ४९, गण्डकी प्रदेशमा ३३, लुम्बिनीमा ६४, कर्णालीमा ३० र सुदूरपश्चिम प्रदेशमा ४१ आगलागीका घटना घटेका प्रवक्ता आचार्यले जानकारी दिनुभयो । वर्षा कम भएको र सुक्खा मौसमका कारण देशका ठाउँठाउँमा आगलागीका घटना भइरहेका छन् । अब आगलागीका घटना बढ्ने भएकाले सचेत हुन गृहमन्त्रालयले सबैमा अनुरोध गरेको छ ।

# नेपालको वर्तमान राजनीतिक प्रणालीप्रति भारत स्पष्ट छ : मन्त्री राणा

**काठमाडौं/मस–** परराष्ट्रमन्त्री डा.आरजू राणा देउवाले भारतले नेपालको प्रजातान्त्रिक प्रणालीलाई समर्थन जारी राखेको बताएकी छन् ।

झन्डै दुई हप्ता लामो भारत भ्रमण सकेर शुक्रबार स्वदेश फर्किएकी परराष्ट्रमन्त्री देउवाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै भारतको समर्थन नेपालको वर्तमान राजनीतिक प्रणालीप्रति नै रहेको स्पष्ट भएको बताइन् । भ्रमणका क्रममा भारतीय वरिष्ठ अधिकारीहरूसँग नेपालको राजनीतिक विषयमा खास कुरा नभएको जानकारी दिँदै मन्त्री देउवाले तर भारत र भारतीय नेताहरूको समर्थन नेपालको अहिलेकै प्रणालीप्रति रहेको उनीहरूको हरेक गतिविधिबाट बुझ्न जरुरी भएको बताइन् ।



नेपालमा राजावादीहरूको चलखेल बढिरहेको प्रसंगमा उनले अहिलेको सरकारसँग भारतीय पक्ष जोडिएको र सरकार नै परिवर्तन गर्ने, व्यवस्था नै परिवर्तन गर्ने खालको आशय उनीहरूमा आफूले नदेखेको उल्लेख गरिन् ।

नेपालको राजनीतिक प्रणाली नै परिवर्तन हुने चाहना उनीहरूमा नदेखिएको बताइन् । भारतीय पक्ष अहिलेको व्यवस्थाविरुद्ध नरहेको आफूले पाएको उनले स्पष्ट गरिन् । मन्त्री देउवाले आफ्नो भारत भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता र कुराकानी नभएको र त्यसको पहल पनि नगरेको बताइन् । तर भ्रमणका क्रममा उनी भारतीय समकक्षी एस जयशंकरसँग भेट गरेकी थिइन् ।

नेपालमा राजावादीहरूको प्रदर्शन चर्किएको बेला भारत गएकी परराष्ट्रमन्त्री देउवाले फर्किएपछि यस्तो बताएकी हुन् । उनी भारत जाँदा कतिपयले नेपालमा चर्किएको राजावादी आन्दोलन प्रति भारतको धारणा बुझ्न गएको भनेर टिप्पणी गरेका थिए । मन्त्री देउवा १० मार्चमा भारत भ्रमणमा गएकी थिइन् । भारत सरकारले आयोजना गरेको राइसिना डायलगमा सहभागी हुनुअघि उनी झारखण्डस्थित बाबा बैद्यनाथ धाममा पुगेर पूजाआजा गरेकी थिइन् ।

# १० जनालाई प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार

**काठमाडौं/मस–** प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कारबाट विभिन्न क्षेत्रका व्यक्तित्वहरू पुरस्कृत भएका छन् ।

नेपाल सरकारले शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने प्रतिभाशाली व्यक्तिलाई पुरस्कार दिने घोषणा राष्ट्रिय प्रजातन्त्र दिवस २०८१ का अवसरमा गरेको थियो ।

प्रधानमन्त्री ओलीसँगै प्रथम महिला राधिका शाक्य, उपप्रधानमन्त्री एवं सहरी विकास मन्त्री प्रकाशमान सिंहले पुरस्कृत व्यक्तित्वहरूलाई सम्मान गरे ।



पुरस्कृत हुनेमा टेलिमेडिसिनतर्फ डा. छिरिङ लामा (सिन्धुपाल्चोक), विज्ञान प्रविधि नवप्रवर्तनतर्फ डा. विराजसिंह थापा (मोरङ), कीर्तिमानी पर्वतारोही पूर्णिमा श्रेष्ठ (गोरखा), विज्ञान प्रविधितर्फ डा. आभास मास्के (काठमाडौँ) र हरिराम श्रेष्ठ (गोरखा) छन् ।

यस्तै चिकित्सा क्षेत्रतर्फ डा. ओममूर्ति अनिल (महोत्तरी), खेलकुदतर्फ सावित्रा भण्डारी साम्बा (लमजुङ), सम्पदा संरक्षणतर्फ रवीन्द्र पुरी (भक्तपुर), समाजसेवातर्फ दिलशोभा श्रेष्ठ (काठमाडौँ) र रामजी अधिकारी (गोरखा) पुरस्कृत पुरस्कृत भएका हुन् । नवप्रवर्तन क्षेत्रका प्रतिभावान नागरिकलाई प्रोत्साहन गर्न १७ मंसिर २०७५मा बसेको मन्त्रिपरिषद् बैठकले उक्त पुरस्कार स्थापना गर्ने निर्णय गरेको थियो । त्यसबेला प्रधानमन्त्री केपी शर्मा ओलीलाई कोरिया सरकारबाट प्राप्त १ लाख अमेरिकी डलरमा नेपाल सरकारबाट सोही बराबरको रकम थप गरी पुरस्कार कोष स्थापना गरिएको थियो ।

उक्त कोषबाट प्रत्येक वर्ष २ जना प्रतिभालाई जनही ५ लाख राशिको पुरस्कार प्रदान गर्ने निर्णय भएको थियो ।

२०७६ सालमा पहिलो पटक २ विधाका ३ प्रतिभालाई पुरस्कार प्रदान गरिएकामा त्यसपश्चात् कोरोना महामारीका कारण पुरस्कार वितरण हुन सकेको थिएन । अहिले ५ वर्षको पुरस्कार एकैपटक प्रदान गरिएको हो ।

# अर्घाखाँचीमा लक्ष्यको ९५ प्रतिशत किशोरीहरूले लगाए एचपीभी खोप

**कृष्ण परियार/मध्यान्ह**
सन्धिखर्क, ८ चैत

अर्घाखाँची जिल्लामा लक्ष्यको ९५ प्रतिशत किशोरीहरुले एचपीभी खोप लगाएको पाइएको छ ।

महिलाहरुको पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउने उद्देश्यले सञ्चालित ह्युमन प्यापीलोमा भाइरस (एचपीभी) खोप अभियान अन्तर्गत अर्घाखाँचीमा लक्ष्य नजिक प्रगति गर्दै सम्पन्न भएको स्वास्थ्य कार्यालयले जनाएको छ । गत माघ २३ देखि फागुन ६ गतेसम्म सञ्चालित अभियानबाट ७ हजार ५सय २६ किशोरीहरु लाभान्वित भएको स्वास्थ्य कार्यालयका प्रमुख शिव नेपालीले बताए ।




नेपालीका अनुसार जिल्लाका ६ वटै स्थानीय तहमा अध्ययनरत कक्षा ६ देखि कक्षा १० सम्मका छात्रा तथा विद्यालय बाहिरका १० वर्षदेखि १४ वर्ष उमेर समुहका किशोरीहरुलाई स्थानीय तहमा रहेका केन्द्रहरुमार्फत खोप प्रदान गरिएको थियो । किशोरी लक्षित अभियान अन्तर्गत ७ हजार ५सय २६ किशोरीहरुले खोप पाएका छन् । खोप अभियान जिल्लाका ६ स्थानीय तहहरुमध्ये ३ नगर र ३ गाउँपालिका गरी १ सय ४० विद्यालय, ६१ स्वास्थ्य केन्द्र र बाह्य खोप केन्द्र गरी २ सय १ केन्द्रमार्फत चलाइएको थियो ।

कार्यक्रम सुपरभाइजर कृष्ण प्रसाद पोखेलका अनुसार जिल्लाभरमा ७ हजार ९ सय २५ किशोरीलाई एचपीभी खोप लगाउने लक्ष्य राखिएकोमा ९५ प्रतिशत अर्थात् ७ हजार ५सय २६ किशोरीहरुले खोप लगाउन सफल भएका छन् ।

लक्ष्यको ५ प्रतिशत किशोरीहरुलाई अभियानमा समेट्न नसकिएको उनको भनाइ छ । जसअनुसार ६ वटै स्थानीय तहका ७ हजार ५सय २६ किशोरीहरु खोपबाट लाभान्वित भएका छन् । बाँकी रहेकाहरुलाई पनि कुनै न कुनै माध्यमबाट खोप दिलाउने योजना स्वास्थ्य कार्याललले लिएको छ ।

तहगत हिसाबमा सबैभन्दा बढी सन्धिखर्क नगरपालिकामा १ हजार ८ सय ५, शितगंगा नगरपालिकामा १ हजार ४ सय ७५, मालारानी गाउँपालिकामा १ हजार २ सय ४२, भूमिकास्थान नगरपालिकामा १ हजार २ सय २४, पाणिनी गाउँपालिकामा ९ सय ७० र छत्रदेव गाउँपालिकामा ८ सय २१ किशोरीहरुले खोप लगाएका छन् ।

अभियानमा लक्ष्यको सबैभन्दा धेरै मालारानी गाउँपालिकाले ९९ प्रतिशत र सबैभन्दा कम सन्धिखर्क नगरपालिकाले ८९ प्रतिशत किशोरीहरुलाई खोप लगाउन सफल बनेको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार एचपीभी खोपले महिलाको बच्चादानीको मुखमा हुने क्यान्सरको जोखिम उल्लेख्य रूपमा रोक्न सक्ने पुष्टि भइसकेको छ । प्रजनन् उमेर पुग्नु भन्दा अगावै यो खोप लगाउँदा बढी प्रभावकारी हुने भएकाले नेपाल सरकारले १० वर्षदेखि १४ वर्ष उमेर समूहका किशोरीलाई लक्षित गरी खोप अभियान संचालन गरेको हो ।

स्वास्थ्य कार्यालय अर्घाखाँचीमा कार्यालय प्रमुख नेपाली आएसँगै चालु आर्थिक वर्ष २०८१/०८२ मा औषधीहरुको व्यवस्थापन गर्न अनलाइन इएलएमआइएस कार्यक्रम, अनलाइन इएचएमआइएस, अनलाइन इएचएमआइएस, पेपरलेस कार्यक्रम, एक वडा एक स्वास्थ्य संस्था, एक तालिम प्राप्त स्वास्थ्यकर्मी, कुपोषित बालबालिकाहरुको खोज कार्यक्रम, नसर्ने रोगहरुको पहिचान अभियान, स्थानीय तहमा स्वास्थ्य शाखाहरुको पारस्परिक भिजिट कार्यक्रम, स्वास्थ्य शिक्षा प्रवर्द्धन कार्यक्रम, ट्राफिकसँग सडक दुर्घटना सम्बन्धी अन्तरक्रिया कार्यक्रम, खाद्य सुरक्षा कार्यक्रम, फेमेली हेल्थ हिस्टोरी रेर्कड लिने, विद्यालयका किशोरकिशोरीहरुमा रक्तअल्पता परीक्षण कार्यक्रम, घरमा हुने सुत्केरी शुन्य बनाइ पूर्ण संस्थागत सुत्केरी वडा तथा संस्था घोषणा अभियान लगायतका कार्यक्रमहरु संचालन गरिएको छ । यस्तै आगामी दिनमा मोवाइल स्वास्थ्य कार्यक्रम संचालन गर्ने प्रमुख नेपालीले बताए ।

# छाउपडी र बालविवाह रोक्न प्रतिबद्धता



**सुर्खेत/मस–** पश्चिम सुर्खेतमा व्याप्त छाउपडी प्रथा पछिल्लो समय न्यूनीकरण हुँदै गएको छ ।

बराहताल र चौकुने गाउँपालिका तथा पञ्चपुरी नगरपालिकाका अधिकांश ठाउँमा महिनावारी हुँदा महिलालाई छाउ गोठमा राख्ने प्रचलन थियो । ती ठाउँमा अहिले छाउ गोठ विरलै देखिन्छन् । २०७० पछि विभिन्न समयमा प्रहरी प्रशासन, स्थानीय निकाय र गैह्रसरकारी संस्थाहरुको सक्रियातमा अभियानकै रुपमा छाउ गोठ भत्काइएको थियो ।

छाउगोड भत्काइए पनि महिनावारी हुँदा अलग्गै राख्ने प्रचलन भने कायमैछ । सामाजिक समस्याका रुपमा रहेको छाउपडी प्रथालाई निर्मूल पार्नका लागि स्थानीय सरकारहरुले विभिन्न संघसंस्था, आमा समूह, महिला सञ्जाल, क्लबहरुमार्फत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् । एसियन एड र केड नेपालको सहयोगमा सुशासन प्रवर्द्धनका लागि युवा संस्था (वाइजीजीपी) ले चौकुने र बराहताल गाउँपालिकामा महिला किशोरी तथा बाल अधिकार कार्यक्रम सञ्चालन गरेको छ ।

उक्त कार्यक्रम अन्तर्गत चौकुने र बराहताल गाउँपालिकामा मर्यादित महिनावारी, छाउपडी र बालविवाह सम्बन्धी प्यानल छलफल कार्यक्रम सम्पन्न भएको छ । चौकुने गाउँपालिकाको वडा नं. ९ घाटगाउँमा बिहीबार तथा बराहताल गाउँपालिकामा शुक्रबार छलफल कार्यक्रम आयोजना गरिएको थियो ।

प्यानल छलफल कार्यक्रममा सहभागी चौकुने गाउँपालिकाका अध्यक्ष खड्क वि.क.'विवश'ले समाज सुधारका लागि छाउपडी र बालविवाह न्यूनीकरणमा प्राथमिकताका साथ काम गरिरहेको बताए ।

विभिन्न अभियानका बाबजुद सोचेअनुरुप परिवर्तन हुन नसकेको भन्दै अध्यक्ष वि.क.ले हरेक व्यक्तिले आ-आफ्नो ठाउँबाट बदँलिन् जरुरी रहेको औंल्याए ।

बराहताल गाउँपालिकाका उपाध्यक्ष लक्ष्मी पुन मगरले छाउपडी हटाउनका लागि गाउँपालिकाले वडागत रुपमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको जानकारी दिइन् ।

छाउपडी महिलाहरुको मात्रै सवाल नभएर समाजका सबै मानिसहरुको साझा सवाल भएको भन्दै उनले सबै मिलेर अभियान चलाउनुपर्नेमा जोड दिइन् । बराहताल वडा नं. ७ का अध्यक्ष कुलबहादुर बुचा मगरले बालविवाह रोक्नका लागि वडा समितिले कडाइका साथ काम गरिरहेको जानकारी दिए ।

वडा समितिको निर्णयपछि विगत एक वर्षयता वडा नं. ७ मा एउटा पनि बाल विवाह नभएको उनले बताए । छाउपडी र बाल विवाह न्यूनीकरणका क्षेत्रमा लामो समयदेखि क्रियाशील महिला किशोरी तथा बाल अधिकार कार्यक्रम संयोजक राम बिक्रम शाहले सरकार र नागरिक समाज संस्थाहरु, आमा समूह, स्थानीय सञ्जाल, क्लबहरु लगायत सरोकारवाला सबै पक्षको साझा प्रयासबाट मात्रै बाल विवाह र छाउपडी अन्त्य गर्न सकिने बताए ।

# 'लुम्बिनी विश्व शान्ति पर्यटनको केन्द्र'

**लुम्बिनी/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले लुम्बिनी बौद्धमार्गीको आस्थाको केन्द्रसँगै विश्व शान्ति पर्यटनको केन्द्र रहेको बताएका छन्

दोस्रो लुम्बिनी अन्तरर्राष्ट्रिय शान्ति महोत्सव तथा अन्तर्राष्ट्रिय ध्यान महोत्सव उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री पाण्डेले लुम्बिनी बौद्ध धर्मालम्बीको आस्थाको केन्द्र मात्रै नभइ विश्वभरका शान्तिप्रिय नागरिकको पवित्रस्थल भएकाले शान्ति पर्यटनको केन्द्र भएको बताए । विश्वव्यापी रुपमा लुम्बिनीबाट शान्ति, एकता, सद्भाव र मानवताको सन्देश दिन सकिने उनले बताए ।



विश्वसम्पदा सूचीमा रहेको लुम्बिनीको संरक्षणका लागि मन्त्रालयले काम गरिरहेको मन्त्री पाण्डेले बताए । नेपालले संस्कृती, आध्यात्मिक र साहसी पर्यटनबाट लाभ लिनसक्ने उल्लेख गर्दै उनले यसको प्रमुख गन्तव्य लुम्बिनी हुने बताए । उनले हालै पर्यटन प्रवर्द्धन, संस्कृती आदानप्रदान र हवाई सेवा विस्तारका लागि थाइल्याण्ड, कम्बोडिया लगायतका देशसँग सहकार्य गर्न सम्झौता भएकाले त्यसको कार्यान्वयनमा लाग्न आग्रह गरे । लुम्बिनी विकास कोषका अध्यक्षसमेत रहेका मन्त्री पाण्डेले बुद्धजन्मस्थल लुम्बिनीसँग जोडिएका तिलौराकोट, देवदह र रामग्रामलाई विश्व शान्ति सहर बनाउनुपर्नेमा जोड दिए ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले लुम्बिनी बुद्रको ध्यानका लागि विश्वकै उत्कृष्टस्थल रहेको बताए । उनले बुद्ध धर्मको उत्पत्ति र शान्तिको सन्देश दिने स्थल लुम्बिनी रहेकाले महोत्सवले त्यसको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने बताए ।

नेपाल पर्यटन बोर्डका कार्यकारी अधिकृत दीपकराज जोशीले लुम्बिनीमा भएको शान्ति महोत्सवले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने बताए । उनले लुम्बिनी विश्वभरका बौद्धमार्गीसँगै विश्वभरका शान्तिप्रियको पनि पवित्रस्थल रहेकाले यहाँ गरिएको शान्ति महोत्सव, ध्यान, सांस्कृतिक कार्यक्रमले विश्वभर सकारात्मक सन्देश जाने बताए ।

कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत चेन सोङले चीनले नेपालसँगको सम्बन्धलाई दिगो बनाउन पवित्रस्थल लुम्बिनीमा दोस्रो पटक लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति सम्मेलन आयोजना गरेको बताए । उनले महोत्सवबाट नेपाल, चीन र अन्य राष्ट्रबीच सांस्कृतिक, खेलकुद, धार्मिक र जनस्तरको सम्बन्ध आदानप्रदान गर्न सहज हुने विश्वास व्यक्त गरे ।

सम्मेलन उद्घाटनका अवसरमा मायादेवी मन्दिर उद्यानमा एक सय भिक्षु र चार सय साधकको सहभागितामा ध्यान गराइएको थियो । शनिबार 'खेलकुद र विकासका लागि अन्तरर्राष्ट्रिय शान्ति दिवस'को अवसरमा तेस्रो लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति म्याराथन कार्यक्रम राखिएको नेपाल ओलम्पिक कमिटिका अध्यक्ष जीवनराम श्रेष्ठले जानकारी दिए । चिनियाँ दूतावाससँगको सहकार्यमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसहित विभिन्न निकायको आयोजनामा बिहीबारदेखि उक्त महोत्सव सुरु भएको हो ।

# मध्यपुर थिमि बन्यो उत्कृष्ट नगरपालिका

**भक्तपुर/मस–** मध्यपुर थिमि नगरपालिकाले उत्कृष्ट नगरपालिका पुरस्कार प्राप्त गरेको छ । नेपाल नगरपालिका संघको ३२ औं वार्षिक उत्सवको अवसरमा सांस्कृतिक, वातावरण र पर्यटकीय क्षेत्रमा उल्लेखनीय कार्यसम्पादन गरेको आधारमा उत्कृष्ट नगरपालिका पुरस्कारबाट मध्यपुर थिमि पुरस्कृत भएको हो ।



प्रधानमन्त्री केपी शर्मा ओलीले नगरपालिकालाई पुरस्कृत गरे । नगरपालिका प्रमुख सुरेन्द्र श्रेष्ठ र प्रमुख प्रशासकीय अधिकृत राम बहादुर केसीलाई पुरस्कार प्रदा नगरिएको थियो ।

नगरपालिकाले आर्थिक वर्ष २०८०/२०८१ मा वातावरण, संस्कृति र पर्यटकीय क्षेत्रमा उल्लेखनीय कार्य गरेको वापत पुरस्कार दिइएको हो ।


पुरस्कार पाए पछि नगर प्रमुख सुरेन्द्र सरेस्थले नगरपालिकाले स्थानीय बासिन्दाको साथ सहयोगबाट नगरभित्र रहेका विभिन्न मूर्त अमूर्त सम्पदाहरूलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ गरिएका विभिन्न प्रयासहरूको उच्च मूल्याङ्कन भएको बताए । आउँदो वर्षहरूमा सम्पदा र संस्कृतिलाई ध्यानमा राखी कार्य गर्ने रणनीति नगरपालिकाले लिएको यनले बताए । उनका अनुसार पर्यटन बढाउनका लागि २७ चैतमा मध्यपुर थिमीको नगदेशमा धिमेबाजा प्रतियोगिता आयोजना हुँदैछ ।

# स्तन र पाठेघरको मुखको क्यान्सरको नि:शुल्क परीक्षण गर्दै महानगर

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले चैत १२ गतेदेखि प्रजनन उमेरका महिलाहरुको स्तन र पाठेघरको मुखको क्यान्सरको निःशुल्क परीक्षण र प्रारम्भिक उपचार थाल्ने भएको छ ।

स्वास्थ्य विभागले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालसँगको सहकार्यमा २०८२ वैशाख १२ गतेसम्म परीक्षण र उपचार सञ्चालन गर्नेछ । गएको वर्ष गरिएको परीक्षणका क्रममा छुट हुनु भएका प्रजनन उमेरका महिला र गएको वर्ष परीक्षण गर्दा पोजेटिभ देखिएका महिलाहरु कार्यक्रमको लक्षित वर्गमा राखिएको छ । कार्यक्रमका फोकल पर्सन चन्द्रा भट्ट परीक्षणको प्रक्रियाका विषयमा जानकारी दिँदै भनिन्, 'परीक्षणमा जानुअघि आफू नजिकैको स्वास्थ्य प्रवर्धन केन्द्रमा गएर विवरण टिपाउनुपर्छ । यसरी विवरण टिपाएपछि केन्द्रबाट रेफरल टिकट प्राप्त हुन्छ । यो टिकट लिएर वीर अस्पताल सर्जिकल भवनको भुइँ तलामा गएर जँचाउन सकिन्छ ।'

'स्वास्थ्य प्रवर्द्धन केन्द्रमा टिपिएका विवरण जाँच गर्ने ठाउँमा हेर्न सकिने भएकोले जँचाउने ठाउँमा नाम दर्ता गर्न लाइनमा बस्नु नपरोस् । जाँच प्रक्रिया सहज होस् भनेर आफू नजिकैको केन्द्रबाट नाम टिपाउने प्रबन्ध गरिएको हो,' उनले भनिन् ।




परीक्षणाका क्रममा महिलाको स्तनको क्लिनिकल जाँच हुन्छ । प्रारम्भिक जाँचका क्रममा शंका लागेमा अल्ट्रासाउन्ड गरिन्छ । यसपछि मेमोग्राफीका लागि पठाइन्छ । पाठेघरको मुखको क्यान्सरका लागि ३० वर्षदेखि ६० वर्ष उमेर समूहका सबै महिलाको एचपिभी डीएनए पिसिआर (ह्युमन प्यापोलिमा भाइरस) परीक्षण हुन्छ । यसबाट पोजेटिभ रिपोर्ट आयो भने कल्पोस्कोपी र बायोप्सी गरिन्छ ।

२०८१ वैशाख ३ गते सुरु भएर त्यस महिनाभरि वडाहरुमा चलाइएको निःशुल्क परीक्षणले क्यान्सरसँगै धेरै महिलाहरुमा प्रजनन स्वास्थ्यसँग सम्बन्धित समस्याहरु देखिएको छ । त्यस बेलाको शिविरमा ८ हजार १४५ जना महिलाहरुले जाँच गराएका थिए । जसमध्ये शंका लागेका ६ हजार ६२४ जना महिलाको पाठेघरको मुखको क्यान्सर पहिचानका लागि एचपिभी डिएनए परीक्षण गरिएको थियो ।

**स्वास्थ्य कार्यालय अर्घाखाँचीको अनुरोध**

- ०-१५ महिनाभित्रका सबै वालवालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्था र खोप केन्द्रमा लगी स्वास्थ्यकर्मीहरुको सल्लाह बमोजिम पूर्ण खोप लगाऔं । गर्भवती महिलाले TD खोप लागऊ ।
- गर्भवती महिलाहरुले आफ्नो नजिकको स्वास्थ्य संस्थामा गई स्वास्थ्यकर्मीहरुको सल्लाह बमोजिम ८ पटक गर्भजाँच गरौं, आइरन चक्की, क्याल्सियम, जुकाको औषधी र पोषिलो खाना खाऔं र HIV परीक्षण पनि गरौं ।
- गर्भवती महिलाहरुले परिवारको सल्लाह बमोजिम पैसा, यातायातको साधन, रगत र स्वास्थ्य संस्थामा सुत्केरी हुने व्यवस्था मिलाउने ।
- आफ्नो सन्तान स्वास्थ्य संस्थामा जन्माउने र ४ पटक सुत्केरी पश्चात् आमा र वच्चाको स्वास्थ्य जाँच गर्ने ।
- आफ्नो सन्तानलाई २४ महिनासम्म नजिकैको स्वास्थ्य संस्थामा लगी प्रत्येक महिनामा तौल जोखी आफ्नो सन्तानको वृद्दि अनुगमन गर्ने । कुपोसित भएमा उपचार गरौं ।
- आफ्नो सन्तानलाई ६ महिनासम्म आमाको दूध मात्रा खुवाउने र ६ महिना पछि थप आहार खुवाउने गरौं । (स्वास्थ्यकर्मीको सल्लाह बमोजिम)

शिव नेपाली
कार्यालय प्रमुख
स्वास्थ्य कार्यालय
अर्घाखाँची

पुस्तक-समीक्षा

# पूर्वीय सभ्यता चिनाउने पुस्तक

*जन्मँदै हृदयको गर्तमा त्यो अखण्ड ज्ञानको ज्योति बलेको थियो । त्यो ज्योतिलाई अज्ञानको बालुवाले ढ्याप्प छोपेर हिँडेका छौं एक झुल्को उज्यालोको आशामा । आन्तरिकताको हिमनदीलाई छाडेर भड्किएका छौं भौतिकताको मरुभूमिमा...*



■ अनिता कोइराला

सलील ज्ञवालीको 'पूर्वीय सभ्यता विश्वविख्यात विद्वान्हरूका दृष्टिमा' प्रवेश गर्नु अगाडि यस कृतिका अनुवादका डा. गोविन्दराज भट्टराईका भावनालाई यहाँ उद्धृत गरेकी छु, 'हाम्रा अध्यापक, चिन्तक, लेखकलाई सल्लाह दिन मन लागेको थियो- प्राचीन साहित्यका अमर सिर्जना पढौं र त्यहाँ जीवन खोजौं, त्यसको गौरवगान गरौं अनि त्यसलाई वर्तमानको आँगनमा ल्याऔं तर दुःखको कुरा छ हाम्रो सामु- स्वर्ग चढ्ने भऱ्याङ भौतिकवादीहरूले खुस्काइदिए, जलाइदिए र त्यता तार्ने माझीलाई पछारेर लडाइदिए । अनि, कसरी त्यहाँ पुग्नु ?' (पृ. : ३६)

हाम्रो सभ्यताको दुरुह अवस्था देखेर, सम्पन्नताको सुन्दर फूलबारी तहसनहस भएको देखेर, आफ्नै आमालाई दुत्कार्ने सन्तानको अधोगतिको नाडी राम्ररी छामेर डा. भट्टराई निकै चिन्तित हुनुहुन्छ । साँच्चै भनेका रहेछन् विज्ञहरूले- 'कुनै पनि समाजलाई पूर्ण रूपमा बर्बाद गर्नु छ भने त्यहाँको शिक्षा र संस्कृतिमाथि सर्वप्रथम हमला गर्नुपर्छ ।'

शिक्षाको ज्योतिले मानवको आत्मा प्रदीप्त गर्छ तर संस्कृतिमाथिको राजनीति बडो विनाशक हुँदो रहेछ । गोविन्दराज भट्टराई भन्नुहुन्छ, 'संस्कृत-गंगाको मुहान टाल्न आज कत्रा दुष्प्रयत्न भएका छन् । मलाई लागेको छ, नेपालमा जड भौतिकवादीले ५० वर्षअगि सल्काएको डढेलोले गरेको विनाशलाई केसित तुलना गर्नु ? धेरै कुरा खरानी बनायो; सबैभन्दा बढी ता अनुभूति गर्ने आत्मा डढायो; मूल्य मापन गर्ने हृदय डढायो; त्यतिले पुगेन, आध्यात्मिक मूल्य र संस्कृति अनि प्रेम डढायो, पहिरो, डढेलोपश्चात् पनि प्रकृति फेरि पलाउँछिन् होला तर जडतामा बद्ध भएको मानव आत्मालाई केले फर्काउने ?'(पृ. : ३७)

हाम्रो संस्कृति र सभ्याताप्रतिको विमुखताका कारणहरू थाहा पाएर मलाई साँच्चै डाको छाडेर रुन मन लाग्यो । सत्य भनेका छन् डा. भट्टराईले विपुलतम ज्ञानको सागरमा जन्मिएका हामी अनभिज्ञ छौं त्यो विराट प्रज्ञाबाट । जन्मँदै हृदयको गर्तमा त्यो अखण्ड ज्ञानको ज्योति बलेको थियो । त्यो ज्योतिलाई अज्ञानको बालुवाले ढ्याप्प छोपेर हिँडेका छौं एक झुल्को उज्यालोको आशामा । आन्तरिकताको हिमनदीलाई छाडेर भड्किएका छौं भौतिकताको मरुभूमिमा ।


पूर्वीय संस्कृति र पूर्वीय वाङ्मयको रहस्यमय इतिहासलाई बुझ्न हामीले आफैंलाई बुझ्न सक्नुपर्छ । हामी त त्यो माछा हौं, जो पानीभित्रै प्यासी छौं । ब्रह्मको कुरा गर्छौं तर ब्रह्मज्ञानबाट विमुख छौं । आत्माको कुरा गर्छौं, आत्मज्ञानबाट कोसौं टाढा छौं ।

आधुनिकताको नाममा हामीले हाम्रो गौरवलाई कौडीको मूल्यमा बेचिसकेका छौं । हामी त ती ऋषिमुनिका सन्तान हौं, जो वेदका ऋचाहरूलाई सिद्ध गर्थे । दृश्य र अदृश्य जगत्लाई नाप्न सक्थे । सम्पूर्ण रूपमा आलोकित थिए । हाम्रा पुर्खाले कठोर तपस्या गरेर आर्जन गरेको त्यो अलौकिक शक्ति, ज्ञान र विज्ञानलाई देखेर विश्वजगत् चकित-चकित भएको तथ्यलाई सलील ज्ञवालीले हामीमाझ देखाइदिनुभएको छ । विश्वविख्यात विद्वान्हरूका दृष्टिमा पूर्वीय सभ्यता कस्तो छ ? आफ्नो सभ्यता र संस्कृतिको उपहास गर्दै, आधुनिताको मुखुण्डो लगाएका निकै सुसंस्कृत हौं भन्दै नाक फुलाउने समुदायलाई गतिलो झापड भएर आएको छ कृति ।

सुगन्धित फूलको बगैंचालाई तहसनहस पारेर मरुभूमिको बगैंचामा कागजको फूलमा सुवास उत्पन्न गर्छौं भन्ने धूर्त समुदायलाई पछ्याएर हिँड्ने नालायकहरूलाई गतिलो शिक्षा भएर आएको छ यो कृति । विद्वान्का दृष्टिमा हाम्रो सभ्यताको गहिराइ र उचाइ कस्तो छ भन्ने कुरालाई सलील ज्ञवालीले संकलित गरेर आजको समाजलाई जागृत गराउने ठूलो जमर्को गर्नुभएको छ । यो महान् कार्यमा तपस्यारत हुनुहुन्छ नेपाल आमाका यी सपुत ।

सलील ज्ञवालीको 'ग्रेट माइन्ड्स अव इन्डिया' साना दुःखले आर्जन गरेको कृति होइन । नेपाल आमालाई माया गर्ने नेपालका सच्चा पुत्र हुन् सलील ज्ञवाली । भारतलाई कर्म भूमि बनाएर पसिना बगाउँदै जीवनको ५ दशक बिताइसकेका ज्ञवाली कटिबद्ध छन्- आजको पुस्तालाई पूर्वीय सभ्यतासँग परिचित गराउन । कठिन तपस्याबाट जन्मिएको खोजमूलक कृति हो यो । यस्तो महत्त्वपूर्ण कृतिलाई नेपाली भाषामा डा. गोविन्दराज भट्टराईले अनुवाद गरेर मातृऋण चुकाउनुभएको छ ।

यो कृतिलाई हृदयका आँखाले पढेर, यसका भावहरूलाई मस्तिष्कको बगैंचामा रोप्ने हो भने आत्मरञ्जन अवश्य हुन्छ । जीवनको




गतिले जब लक्ष्य समात्छ, तब जीवन सार्थक हुन्छ । सभ्यतालाई बुझ्न सके लक्ष्य सुस्पष्ट हुन्छ । सभ्यताबिनाको मान्छे त जरा उखलिएको वृक्षको भाँती डगमग-डगमग गरिरहन्छ । अशान्तिको दलदलमा फस्छ । आफूलाई चिन्न सके मानवले शान्ति प्राप्त गर्छ । जब आफूलाई आफैंमा भेटिन्छ, तब सम्पूर्ण तनाव समाप्त हुन्छ ।

हो, विश्वविख्यात विद्वान्हरूको दृष्टिबाट वेद, उपनिषद्लाई चिन्न सक्यौं भने हाम्रो मुखबाट पनि डा. एपीजे अब्दुल कलामले भनेझैं वाणी निस्किन्छ, 'वेदहरू प्राचीनतम शास्त्र हुन् र ती भारतवर्षका अनमोल सम्पदा पनि । भारतीय संस्कृतिको आत्मा नै वेदमा अडिएको छ । सम्पूर्ण विश्वले वेदको महत्त्वलाई स्वीकारेको छ ।'

कलामको यो विराट चिन्तन पढ्दा हृदय गद्गद हुन्छ । हृदयमा हात राखेर मनन गरौं के वेद, उपनिषद र गीतालाई कुनै धर्म, जात, भूगोल र सम्प्रदायमा सीमित गर्न सकिन्छ ? किन हामी हाम्रो विराट ज्ञानलाई संकुचित धारबाट मात्र हेर्छौं ? हाम्रा प्राचीन ज्ञानले विराटतालाई आलोकित गरेको छ । प्राचीन ज्ञान विश्व कल्याणका लागि हो । यो निजत्वभन्दा माथि हुन्छ । कुनै धर्मको पेवा हुँदैन । यस्तो जीवन जिउने कला सिकाउने दिव्यज्ञान कसरी अपूर्ण हुन्छ ? हामी पूर्ण ज्ञानलाई तिरस्कार गरेर, नौलो नौलो ज्ञानको खोजीमा यो अमूल्य सम्पदालाई लत्याउँदै छौं । म पूर्वीय सभ्यतालाई विद्वान्हरूको दृष्टिबाट पढ्दै छु आफ्नै आमालाई ।

प्राचीन संस्कृति र पूर्वीय वाङ्मयको विराट क्षेत्रलाई पनि विश्वविख्यात विद्वान्हरूको आँखाबाट बुझ्ने कोसिस गर्दै छु । जुलिअस रोबर्ट ओपेन्हाइमर, आर्थर सोपेन्हावर, अल्बर्ट आइन्स्टाइन, विलियम वर्डस्वर्थ, जर्ज बनार्ड शा, ह्युस्टन स्मिथलगायत ११९ जना दार्शनिक, वैज्ञानिकहरूको पूर्वीय वाङ्मयप्रतिको विराट दृष्टिकोण नै यो पुस्तकको आकर्षण हो ।

हामी कति साँघुरो दृष्टि लिएर हिँडेका रहेछौं भन्ने कुरा स्पष्ट हुन्छ आजका समाजको आजका मनलाई छाम्दा । एक पटक हामीले बुझ्नै पर्छ हाम्रा पुर्खाहरू कस्ता रहेछन् ? वेद के हो ? उपनिषद्मा के छ ? गीताको महत्त्व र उपयोगिता मानव जीवनका लागि कालातीत छ । यो विज्ञानलाई आत्मसात् मात्र गर्न सके मानव जीवनका तमाम समस्या निर्मूल हुन्थे ।

सलील चिन्तित छन् पूर्वीय सम्पदाबाट विमुख हुँदै गएका नेपाल आमाका सन्ततिप्रति । उनी मानव सभ्यतालाई आफैंसँग परिचित गराउन चाहन्छन् । पुस्तक पढ्दै गर्दा म दङ्दास भएकी छु । अमूल्य खजाना हात लागेको झैं अपार खुसी मिलेको छ । मौखिक रूपमा जति भटचाए पनि आधिकारिक रूपमा यो सत्य बाहिर आएको थिएन ।

सलीलले विश्वविख्यात विद्वान्हरूको वाणीलाई कति मज्जाले संगृहीत गरेर दह्रो प्रमाण पेस गर्न सक्ने बनाएका छन् । भौतिकताको माखेसाङ्लोमा बाँधिएका आजका बढो बौद्धिक र तार्किक हुँ भन्नेहरूलाई मुखमा बुझो लगाउन यो कृति उपयुक्त हुन्छ । आजका शिक्षित मनुवाले विश्वविख्यात विद्वान्हरूका कुरा त ध्यान दिएर सुन्लान् नि ! हाम्रा ऋषिमुनिहरूलाई उपहास गर्ने नवशिक्षितहरूले अब पनि चेत्लान् कि नचेत्लान् ?

यही पुस्तकबाट हर्मन हेस्से मलाई सम्झाउँछन्, 'भारतवर्ष कुनै देश वा भौगोलिक परिधि मात्र होइन, अपितु यो आत्माको आवासगृह र उसको युवाकाल पनि हो; सर्वव्याप्ति हो पुनः अदृश्यमान तत्त्व एवं एक सार्वकालिक एकत्व पनि हो ।'

सत्य त आखिर सत्य नै हुने रहेछ । विद्वान्ले सधैं सत्यको पक्षमा वकालत गर्दा रहेछन् । नमन छ ती सम्पूर्ण विद्वान्हरूलाई, जसले मानवताको गतिलो उदाहरण प्रस्तुत गरेका छन् । निष्कपट, निश्छल र निर्मल हृदयको आँखाले देखेका पूर्वीय वाङ्मयका बलिया पाटाहरूलाई विश्वसामु व्याख्या गर्न कति पनि कन्जुस्याइँ गरेका छैनन् ।

पुस्तक पढेपछि बेलाबेलामा यस्तो पनि लाग्यो-

धिक्कार छ हामीलाई । आफूलाई चिन्न नसकेर आज साँच्चै हामी विक्षिप्त भएका रहेछौं । संसारलाई हेर्न हाम्रा यी २ आँखा पर्याप्त छन् तर आफूलाई हेर्न ऐना नै चाहिन्छ । सलील ज्ञवालीले यो कृति ऐना स्वरूप हाम्रो अगाडि ल्याइदिनुभएको छ तर पनि यो ऐना उठाएर एकचोटि आफ्नो अनुहार हेर्ने जमर्को गर्दैनौं कि भन्ने पिर पनि परेको छ ।

सलील ज्ञवालीले २० वर्षको निकै लामो समय खर्चेर यो कृति हामीलाई उपहार दिनुभएको छ । यो पुस्तकमार्फत हाम्रो विराट संस्कृति, सभ्यता र सम्पदासँग हामीलाई साक्षात्कार गराइदिनुभएको छ ।

प्रा. गोविन्दराज भट्टराई आफ्नो भूमिका मार्फत् हामीलाई यसरी अझ सजग गराउनुहुन्छ-

'योगवाशिष्ठले भन्छन्- प्रत्येक अणुको रिक्तताभित्र अरू विशाल विश्व छन्; ती एउटा सूर्य किरणमा विद्यमान बिन्दुझैं बहुविध छन्; आज आएर हामी यी सत्य स्वीकार्दै छौं । हामी सधैं अनन्तताको छेउमा छौं, उनीहरू अन्त्य भेटचौं भन्ने भ्रान्तिमा । यो सम्पूर्ण ज्ञानराशि संस्कृतमा छ । हाम्रा वर्तमान भाषासम्म त्यो उज्यालो सर्न सकेको छैन । यस सम्बन्धमा फ्रेडरिक भोन स्लेगेल्लले बोलेका शब्द कति विचारणीय छन्- यो संसारमा संस्कृत भाषाको जस्तो नियमनिष्ठा भएको र त्यति दार्शनिक सुस्पष्टताले युक्त अन्य कुनै भाषा छैन, ग्रिसेली पनि छैन । यस्तो आदिम कल्पवृक्ष हिजोसम्म हाम्रै भूमिमा फल्दै थियो तर आज हाम्रै जडमित्रहरूले त्यसको जरा उत्तानो पारे; उग्र भौतिकता त्यसमाथि घोडा चढ्यो, काँटी ठोक्यो र मरणासन्न छ आज । यो हाम्रो सभ्यतामा आएको सबैभन्दा ठूलो ह्रासोन्मुख यात्रा हो । यस दुष्कर्मका लागि हामीलाई समयले सराप्ने छ । हाम्रा अन्धवेग र उत्तेजनाहरूको महँगो मूल्य भोलिले तिर्नुपर्ने छ ।'

## कविता

### फेनोमेना



घनश्याम भण्डारी

फेनोमेना अर्थात् दुई ढुंगाबीचको तरुल
माटोसँग जोडिएर बलशाली भएको छ देश
दुनियाँको राजनीतिको पानीढलो
उत्तरी छिमेकीको
एक चीन नीति चिहाएर सी जिनपिङ
दक्षिणी छिमेकी
धार्मिक जागरणमा नरेन्द्र मोदीलाई हेरौं
राष्ट्रियता, सार्वभौमिकता
अखण्डता र स्वाधीनतामा देश
अलि पर समुद्रपार अमेरिकामा
डोनाल्ड ट्रम्पको उदय
कम्युनिस्ट अवशेष पुटिनलाई रुसतिर हेरौं
उनीहरूको उदय
देशको 'राष्ट्रवाद'सँग जोडिएको छ ।

राष्ट्रियता, सार्वभौमिकता
अखण्डता र स्वाधीनताको मामला
हामीलाई समय र इतिहासले
आज प्रश्न सोधेको छ-
'वीर गोर्खालीका सन्तान तिमीहरू
बुद्धु भएर बहादुर भयौ
संसार बनाउँदै गर्दा
आफ्नो बिर्सिंदै गएको इतिहास छ
माटोको पक्षमा उभिने नेताहरू
अरूतिर शक्तिशाली भइरहने
जलवायु परिवर्तनमा अरूले दोष गर्ने
हामीचाहिँ दण्डित हुने ?'

हिमालको मुनतिर जीवनबुटी
भन्नुस् काम नगरेर
कहाँ मिलेको छ नाना र खाना ?
हिमालदेखि समुद्रसम्म फैलिएको छ पञ्चतत्त्व
खुराफाती व्यावसायिक राष्ट्रवादीहरूदेखि सावधान !

देश बर्बाद भयो भनेर भएन
बर्बाद हुनुमा हाम्रो भूमिका के छ ?
यसको उत्तर दिन हजुर-हामी
सबै तयार हुनुपर्छ अब !

कैलाशदेखि गंगासम्म
मानसरोवर, पञ्चकोशी, लुम्बिनी
बौद्धनाथ हुँदै बोधगयासम्म
शान्ति खोज्दै बर्बराउँदै
सामाजिक संजालमा
सत्तो सरापेर असाधारण संकल्पले देश बन्दैन
यहाँ पसिना चाहिएको छ ।

न रेडियोमा 'यो देशले एउटा मानिस खोजिरहेछ ...'
गीत बजाएर हुन्छ
न नेतालाई सत्तो सरापेर
देश त हजुर-हाम्रो
साझा संकल्पले बन्छ
सगरमाथा जस्तै हरेक नागरिकको
शिर ठाडो बनाउन
लुम्बिनीको जस्तै विश्वलाई
शान्तिको अनुभूति दिलाउन
आवेग, रिसराग, दुराग्रह, प्रतिशोध
पिएर बूढानीलकण्ठझैं
'म बन्छु, मेरो देश बनाउँछु' भनेर
लागेमा मनैदेखि
दुई ढुंगाबीचको तरुल
स्वाधीन, सम्पन्न, आत्मनिर्भर नेपाल
बन्ने छ छिट्टै सत्यम्, शिवम्, सुन्दरम !

**(लेखक कर्णाली प्रदेश सामाजिक विकासमन्त्री हुन् ।)**

## २ लघुकथा



■ घनेन्द्र ओझा

*शुभानीसँगै राखिएको दाग देखेर झस्किए दुवै भद्र भलाद्मी । दुवैले दागमा एकअर्काको प्रतिबिम्ब देखिरहेका थिए...*

### दाग

अचानक देखियो शुभानीको पेटमा फुस्रो दाग । सरुवा रोगको विगबिगी बढिरहेका बेला शुभानीको पेटको दाग निकै चर्चाको विषय बन्यो गाउँघरमा । हुनत विगत ४ महिनादेखि सुरु भएको रहेछ, बाहिर देखिएको थिएन । दिनदिनै बढ्न थालेपछि कपडाले पनि नछोपिनेगरी बाहिर फैलियो ।

त्यसो त शुभानीले निकै लुकाउन खोजी- समाजमा सरुवा रोग लागेकालाई छिछि दूरदूर गर्ने भएकाले होला । ज्यान पातलो भए पनि ज्यानभन्दा निकै ठूला लुगा लगाई- दाग लुकोस् भनेर । अहँ, झन्झन् बढ्न पो थाल्यो ।

समयक्रमसँगै दाग बढ्दै, फैलँदै र छिप्पिँदै गयो । हुन सक्थ्यो, समयमै उपचार गराएको भए निको हुन्थ्यो । उपचार गराउन चाहिन वा जानिन । या त हुन सक्छ, उपचार गराउँदा दागबारे सबैले थाहा पाउँछन् भन्ने डर भयो उसमा । दाग बढिरह्यो ।

दाग सुरु भएको ९ महिना पूरा भएको छ । शुभानी केही दिनदेखि बाहिर निस्केकी छैन । गाउँघरमा हल्ला छ- शुभानी निकै सिकिस्त छे । तर, कोही पनि शुभानीको छेउ जान सकेको छैन (चाहेको छैन), कारण, दाग सर्न सक्छ । गाउँमा दाग निकै डरलाग्दो सरुवा रोगका रूपमा भित्रिएको छ ।

मानवीय नाताले(?) गाउँका भद्र भलाद्मी मानिएका प्रधानाध्यापक र गाविस अध्यक्षको अग्रसरतामा शुभानीलाई उपचारार्थ शहर लगियो, अस्पताल । डाक्टर र नर्सको निकै ठूलो मिहिनेतले दाग निचोरियो । निकै कष्ट भएको थाहा हुन्थ्यो शुभानीको चिच्याहट सुन्दा । 'बिरामी भेट्न सक्नुहुन्छ', डाक्टरले अनुमति दिएपछि प्रधानाध्यापक र अध्यक्ष बिरामी कक्षमा प्रवेश गरे । शुभानी मुस्कुराई- दुवैलाई सँगै देखेर । दाग शुभानीको पेटबाट झिकिसकिएको थियो ।

शुभानीसँगै राखिएको दाग देखेर झस्किए दुवै भद्र भलाद्मी । दुवैले दागमा एकअर्काको प्रतिबिम्ब देखिरहेका थिए ।

### विसंगत

'यो देशको इतिहास गलत लेखिएको छ', प्राध्यापक गफ सुरु गर्छ, 'जित्नेको मात्र इतिहास लेखिएको छ', उसको तर्क छ, 'हारिदिने नभएको भए तिनले जित्थे ?'

राजनीतिक विश्लेषक हाँस्छ ।

...

'घाटाको व्यापार गरियो', चिन्ता छ व्यापारीको, 'नाफाजति कि लुटेरालाई कि राजनीतिक दललाई' (के राजनीतिक दल लुटेराभन्दा कम छन् र ?)

नेता विलखबन्द पर्छ ।

...

'रोगीको भन्दा रोगको उपचारमा ध्यान दिनुपर्छ', डाक्टरको भाषण सुरु हुन्छ, 'रोगको उपचार गरेपछि रोगी ठीक भैहाल्छ ।'

बिरामी मुस्कुराउँछ (बुझ्छ कि बुझ्दैन कुन्नि ?)

...

'जहाँ नागरिक समाज सशक्त हुन्छ, त्यहाँको शासनपद्धति राम्रो हुन्छ', नागरिक समाजको अगुवाको तर्क छ, 'यस्ता देशमा भ्रष्टाचार, अन्याय, अत्याचार हुँदैन ।'

आमजनता मन्त्रमुग्ध बन्छ ।

...

'ढिलो न्याय दिनु न्याय नदिनु बराबर हो', न्यायाधीश सुनाउँछ, 'प्रजातन्त्रमा विधिको शासन हुनुपर्छ ।'

अभियुक्त खित्का छाड्छ ।

...


'राज्यको चौथो अंग हुनुका नाताले जिम्मेवारीपूर्वक सही र तथ्यपूर्ण खबरहरू आमजनता सामु पुऱ्याउनु पत्रकारिताको धर्म हो', पत्रकार पढाउँछ, 'यसका लागि सूचनाको निर्बाध स्वतन्त्रता जरुरी छ र राज्यले यसको सुनिश्चितता गर्नुपर्छ ।'

सञ्चारमन्त्री टाउको हल्लाउँछ । (श्री ५ ले प्रत्यक्ष शासनका बेला हल्लाएझैं ।)

...

यी सबै गफ सुनिरहेको चिया पसले श्रीमतीलाई सोध्छ, 'कुरो बुझ्यौ ?'

## गजल



बिनोद बिम्बित

भयो भन्छौ जमाना, याद ताजै छन्
अझैसम्मन् पुराना, याद ताजै छन्

एकै पुस्तक लिने गर्थ्यौं, दिने गर्थ्यौं
गजब हुन्थ्यो बहाना, याद ताजै छन्

तिमी लज्जावती बन्थ्यौ मजा हुन्थ्यो
म तोड्थेँ हरसिमाना, याद ताजै छन्

सुकेको फूल पुस्तकमाझमा भेटें
दुरुस्तै छन् निसाना, याद ताजै छन्

अझै शायर तिनै गल्लीहरू घुम्छ
कहाँ भुल्थ्यो ठेगाना, याद ताजै छन् ।

# पालिकाकै पहिलो ३ तारे विद्यालय घोषणा

**सन्तोष पौडेल / मध्यान्ह**
बर्दिया, ८ चैत



बर्दियाको गेरुवा गाउँपालिका-१ सरखोलमा रहेको जनता परिक्षित नरसिंह आधारभूत विद्यालयलाई पालिकाकै पहिलो ३ तारे विद्यालय घोषणा गरिएको छ।

२०४९ सालमा स्थापना भएको विद्यालयले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी १० वटा सूचक पुरा गरेपछि गेरुवा गाउँपालिका समन्वयमा वास गेन्स परियोजनाको सहयोगमा शुक्रबार एक कार्यक्रमकाबीच ३ तारे विद्यालय घोषणा गरिएको हो।

लुम्बिनी प्रदेशका सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिनाले ३ तारे विद्यालय घोषणा सभामा यसबाट विद्यालयको शिक्षण सिकाइ र सरसफाइमा सकारात्मक प्रभाव पार्ने बताए। उनले विद्यालयहरूलाई तिन तारे घोषणा गरेर मात्र नहुने बताउँदै यसको दिगोपनका लागि सरोकारवालाहरु सबै जिम्मेवार भएर लाग्नुपर्ने बताए।

गेरुवा गाउँ पालिकाले विद्यालयले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी कार्यविधि नै निर्माण गरेको छ। कार्यविधिमा खानेपानी, शौचालय, सफा, स्वच्छ तथा हरीयाली वतावरण, खानाको स्वच्छता, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन सुविधा, संस्थागत व्यवस्था र दिगोपना, विपत जोखिम व्यवस्थापन र अनुगमन तथा जवाफदेहिता सहितका १० वटा सूचक राखिएका छन्।

वास गेन परियोजनाको सहयोगमा विद्यालयको स्वमुल्यांकन र अनुगमन समेतबाट तीन तारे विद्यालय घोषणा गर्नको लागि निर्धारण गरेका दश सूचकहरु पुरा गरेको देखिएकाले गाउँपालिकाले प्रमाणीकरण गरी विद्यालयलाई तीन तारे विद्यालय घोषणा गरिएको गाउँपालिकाका अध्यक्ष जमान सिंह के. सी.ले बताए।

यसअघि लुम्बिनी प्रदेश सामाजिक विकासमन्त्री तिमिल्सिना, गेरुवा गाउँपालिका अध्यक्ष के.सी. र उपाध्यक्ष लक्ष्मी कुमारी चौधरीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छोटेलाल थारुलाई ३ तारा प्रमाणीकरण पत्रसहित प्रमाण पत्र प्रदान गरेका थिए। सो अवसरमा विद्यालय लाई ३ तारे घोषणा गर्न सहयोग पुऱ्याउनेहरुलाई सम्मान समेत गरेको थियो।

# अर्घाखाँचीमा कांग्रेसले ६१ वटै वडामा सम्मेलन गर्दै



**सूर्यप्रसाद भुसाल / मध्यान्ह**
सन्धिखर्क, ८ चैत

नेपाली कांग्रेस अर्घाखाँचीको आयोजनामा जिल्लाका ६१ वटै वडामा शनिबार एकैदिन एकैसाथ 'वडा सम्मेलन' गर्ने भएको छ।

अर्घाखाँची कांग्रेसको रुपान्तरण अभियानलाई सहयोग पुऱ्याउने उद्देश्यले जिल्लाभर एकैसाथ वडा सम्मेलन कार्यक्रमको आयोजना गरिएको नेपाली कांग्रेस अर्घाखाँचीले जनाएको छ। सम्मेलनमा जिल्ला तहका नेता, जिल्ला कार्यसमिति, महाधिवेशन प्रतिनिधि, क्षेत्र र नगरका नेताहरुलाई प्रतिनिधिहरूको रुपमा खटिएका छन् भने जिल्ला प्रतिनिधिहरुको उपस्थितिमा कांग्रेसले वडा सम्मेलन सम्पन्न गर्ने गरी प्रतिनिधिहरु सबै वडामा पुगेको कांग्रेस अर्घाखाँचीका जिल्ला सभापति केशव श्रेष्ठले जानकारी दिए।

अब जनताले परिवर्तन चाहेकाले सोही बमोजिम कांग्रेसको संगठन पनि रूपान्तरणको मार्गमा लैजान यो अभियान सञ्चालन गरिएको सभापति श्रेष्ठले दाबी गरे। अर्घाखाँचीका ६ स्थानीय तहभित्र पर्ने सन्धिखर्क नगरपालिकाका १२ वडा, भूमिकास्थान नगरपालिकाका १० वडा, शितगंगा नगरपालिकाका १४ वडा, पाणिनी गाउँपालिकाका ८ वडा, छत्रदेव गाउँपालिकाका ८ वडा र मालारानी गाउँपालिकाका ९ वडा गरी अर्घाखाँचीका ६१ वडामा एकैसाथ कार्यक्रम शनिबार ११ बजे उद्घाटन गर्ने गरी प्रतिनिधि गाउँ पुगेका छन्। प्रतिनिधि गाउँपुगेपछि कांग्रेसका स्थानीय नेता कार्यकर्ताहरु निकै उत्साहित देखिएको कांग्रेस युवानेता लेखनाथ पोखेलले बताए।

# ट्रकभित्रै च्यापिएर १ मजदुरको मृत्यु, १ घाइते



**रुकुमपश्चिम / मस–** चौरजहारी नगरपालिका -१ मा लु. प्र. ०३-००१ क ००२७ नम्वरको मिनि ट्रकले बोकेको मार्वल र सिमेन्टले च्यापिएर एक मजदुरको मृत्यु भएको छ। ट्रकमै बसेका दुई कामदारमध्ये १ कामदारको मृत्यु भएको हो भने भने १ जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक ऋषि पाठकका अनुसार मृत्यु हुनेमा डोल्पा त्रिपुरासुन्दरी नगरपालिका -१ का २४ वर्षीय देवचन्द्र सार्की रहेका छन्।

सोहि नगरपालिका -६ का २१ वर्षीय मन्दिर सार्की भने घाइते भएका पाठकले जानकारी दिए। प्रहरीको अनुसार उक्त ट्रकको पछाडिको भागमा मार्वलसँगै दुई कामदारहरु चढेको बताएको छ। ट्रकको वरिपरीको भागमा बाँधेर ल्याइएको र मोडमा मार्वल बाँधेको डोरी चुडिएपछि बीचमा बसेका दुई मजदुर च्यापिएका जानकारी पाठकले दिए। चौरजहारीबाट खटिएको प्रहरी टोलीले ट्रक नियन्त्रणमा लिएको छ भने सुर्खेतको गुर्भाकोट नगरपालिका ११ निवासी चालक विकास सुनार फरार रहेका छन्।

# यति एयरलाइन्स र ह्याम्स हस्पिटलसँग सगरमाथा आरोही संघको सम्झौता



**काठमाडौं / मस–**सगरमाथा आरोही संघले विश्व कीर्तिमानी आरोहीहरूको सम्मान, सुरक्षा र सेवामा विशेष छुट प्रदान गर्ने उद्देश्यसहित यति एयरलाइन्स र ह्याम्स हस्पिटलसँग सम्झौता गरेको छ। संघका अध्यक्ष माया शेर्पा र यति एयरलाइन्सका प्रमुख व्यापार अधिकृत युवराज बिष्टबीच हस्ताक्षरित सम्झौताअनुसार संघमा आवद्ध आरोही तथा उनीहरूका परिवारले यति एयरलाइन्सको उडानमा न्यूनतम मूल्यमा थप विशेष छुट पाउनेछन्।

त्यसैगरी, ह्याम्स हस्पिटलसँग भएको सम्झौताअनुसार संघको सिफारिसमा विश्व कीर्तिमानी आरोहीहरूले ह्याम्स हस्पिटलको सेवामा ५० प्रतिशतसम्म छुट प्राप्त गर्नेछन् भने आरोहीका परिवारलाई ३० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको छ। सम्झौतापत्रमा अध्यक्ष माया शेर्पा र ह्याम्स हस्पिटलका प्रमुख कार्यकारी अधिकृत विनोदकुमार ढुंगेलले हस्ताक्षर गरेका हुन्।

सो सम्झौता कार्यक्रममा संघका प्रथम उपाध्यक्ष दिवस पोखरेल र महासचिव शिवबहादुर सापकोटाको उपस्थिति रहेको थियो। सगरमाथा आरोही संघले विगत २५ वर्षदेखि नेपाली तथा अन्तर्राष्ट्रिय पर्वतारोहीहरूको हकहितका लागि उल्लेखनीय काम गर्दै आएको छ। संघले पर्यटन मन्त्रालयको टेक्निकल विंगका रूपमा काम गर्दै आएको छ। साथै संघले मन्त्रालयका विभिन्न समितिमा समेत प्रतिनिधित्व गर्दै आएको छ।

संघले सन् २००८ बाट हिमाली क्षेत्रको सरसफाइ अभियान सञ्चालन गर्दै सन् २०११ मा 'सगरमाथा रक्षा अभियान' सम्पन्न गरी सगरमाथामा रहेको ८.१ टन फोहोर व्यवस्थापन गरेको थियो।

त्यसैगरी सगरमाथा आधार शिविरमा ऐतिहासिक क्याबिनेट बैठक आयोजना गर्नुका साथै जलवायु परिवर्तनको प्रभावबारे कोपेनहेगन, डेनमार्कमा आयोजित कोप १५ सम्मेलनमा नेपाली आरोहीहरूलाई प्रतिनिधित्व गराएको थियो।

नेपालको पर्यटन क्षेत्र, विशेष गरी हिमाल आरोहण, विदेशी मुद्रा आर्जन गर्ने प्रमुख क्षेत्रहरूमध्ये एक हो। हरेक वर्ष हजारौं विदेशी पर्यटक नेपालका हिमालहरू आरोहण गर्न आउँछन्, जसले सरकारलाई ठूलो मात्रामा राजस्व संकलनका साथै स्थानीय पर्यटन व्यवसायलाई चलायमान बनाउँनमा ठूलो मद्दत पुऱ्याएको छ। विदेशी पर्यटकहरूले पर्यटन विभागबाट आरोहण अनुमति लिनुपर्छ, जसबाट नेपाल सरकारले वार्षिक करोडौं आम्दानी गर्ने गरेको छ।

पर्वतारोहण क्षेत्रले गाइड, भरिया, होटल व्यवसाय, हेलिकोप्टर उद्धार, पर्यटक सूचना केन्द्रहरू, पर्वतीय यातायात लगायत विभिन्न क्षेत्रमा रोजगारी सिर्जना गर्दै आइरहेको छ। विदेशी पर्यटकहरूले नेपालीको मौलिक हस्तकलाका सामग्री, हिमाली क्षेत्रमा उत्पादित जैविक खाद्य पदार्थहरुमा लोकल चिया, मह, ओर्गानिक कफी खरिद गर्ने भएकाले नेपालको कृषि क्षेत्रको प्रवर्द्धनमा समेत टेवा पुगेको छ।

हिमालहरुको आरोहण शुल्क आम्दानीको एक हिस्सा हिमाली क्षेत्रको विकास, शिक्षा, स्वास्थ्य सेवा सुधारमा लगानी गरिने गरिएको छ। सगरमाथा आरोही संघले यति एयरलाइन्स र ह्याम्स हस्पिटलसँग गरेको सम्झौताले हिमाल आरोहण पर्यटनलाई अझ व्यवस्थित बनाउन मद्दत गर्ने विश्वास दुवै पक्षले लिइएको बताइएको छ।

यति एयरलाइन्सले कीर्तिमानी आरोहीहरूलाई हवाई यात्रा गर्दा थप सुविधा प्रदान गर्ने र ह्याम्स हस्पिटलले आरोहीहरूलाई स्वास्थ्य सुरक्षाका विशेष सुविधा दिने भएपछि पर्यटन व्यवसायमा सकारात्मक प्रभाव पर्ने संघकी अध्यक्ष माया शेर्पाले बताइन्।

सगरमाथा आरोही संघले विगत २५ वर्षमा आरोहीहरूको हित र पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण योगदान पुऱ्याएको छ। यति एयरलाइन्स र ह्याम्स हस्पिटलसँगको यो सम्झौताले आरोहीहरूलाई थप सुविधा प्रदान गर्दै नेपाल पर्यटन क्षेत्रको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने संघका महासचिव शिवबहादुर सापकोटाले बताए। नेपाल सरकार, निजी क्षेत्र, र पर्वतारोहण संघबीचको सहकार्यले हिमाल आरोहण पर्यटनलाई थप व्यवस्थित र आकर्षक बनाउँदै देशको राजश्व संकलन वृद्धि गर्ने अपेक्षा गरिएको छ।

# एसईईमा पास गराइदिन्छु भन्दै रकम असुली गरेको आरोप

**सत्येन्द्र प्रताप सिंह / मध्यान्ह**
रौतहट, ८ चैत

रौतहटको कटहरियामा एसईई पास गराइदिन्छु भन्दै ट्युसन पढाउने केही शिक्षकले विद्यार्थीसँग रकम असुल गरेको आरोप लागेको छ।

ट्युसनको नाममा विद्यार्थीहरुसँग एक वर्षदेखि सेटिङ मिलाउँदै आइरहेको तथा अहिले एसईईको बेलामा १ हजारको दरले रकम असुल गरेको एक जना विद्यार्थीले जानकारी दिएका छन्।

ट्युसन पढाउने शिक्षकले सम्बन्धित परीक्षा केन्द्रको कार्यालय सहयोगीलाई रकम दिएर सेटिङ गरेको बताइएको छ। कार्यालय सहयोगीले ट्युसन पढाउने शिक्षकले बताइएको विद्यार्थीको अनुहार हेरेर सिँधै गेट प्रवेश गराइरहेको समेत बताइएको छ। अभिभावकहरुले भने उक्त विषयमा निष्पक्ष छानबिनको माग गरेका छन्।

# पोठियाहीमा १ करोड बढी लागतमा सूर्य मन्दिर, छठ घाट र पार्क निर्माण हुने



**कृष्ण तिवारी / मध्यान्ह**
रौतहट, ८ चैत

रौतहट गरुडा नगरपालिका ६, पोठियाहीस्थित सामुदायिक पोखरी क्षेत्रको धार्मिक तथा पर्यटकीय विकासका लागि १ करोड ३८ लाख रुपैयाँको लागतमा सूर्य भगवानको मन्दिर, छठ घाट, पार्क तथा पर्खाल निर्माण गरिने भएको छ।

संघीय तथा नगरपालिकाको बजेटबाट टेन्डर प्रक्रियामार्फत सञ्चालन गरिने यस योजनाको शुक्रबार नगर प्रमुख कन्थमनी प्रसाद जयसवालले शिलान्यास गरेसँगै निर्माण कार्य अगाडि बढ्ने भएको हो। मेयर जयसवालका अनुसार पोखरीको बीच भागमा सूर्य मन्दिर, पूर्वतर्फ छठ पर्व मनाउन विशेष घाट, साथै पोखरी वरपर पर्खाल तथा हरियाली पार्क निर्माण गरिने छ। स्थानीयवासीहरूको लामो समयदेखिको मागलाई सम्बोधन गर्दै कार्य अघि बढाइएको मेयर जयसवालले बताए।

'गरुडा नगरपालिकाले धार्मिक तथा सांस्कृतिक सम्पदाको जगेर्ना गर्ने नीति लिएको छ। यो योजनाका लागि १ करोड ३८ लाख रुपैयाँ विनियोजन गरिएको छ, जसले छठ पर्व मनाउने श्रद्धालुहरूका साथै धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउनेछ,'नगर प्रमुख जयसवालले भने।

उनका अनुसार निर्माण कार्य पूरा भएपछि यो क्षेत्र गरुडा नगरपालिकाको एक प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्य बन्नेछ। स्थानीय बासिन्दाले छठ पूजा लगायत अन्य धार्मिक गतिविधिहरू थप सुव्यवस्थित रूपमा गर्न सक्ने उनको विश्वास छ। शिलान्यास कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधि, स्थानीय समाजसेवी, धार्मिक अगुवाहरू तथा नगरवासीहरूको उपस्थिति रहेको थियो।

# संयुक्त इफ्तारी समारोह सम्पन्न



**महमद सदाब / मध्यान्ह**
वीरगन्ज, ८ चैत

वीरगन्ज महानगर पालिकाले आयोजना गरेको दावत ए इफ्तारी समारोह सम्पन्न भएको छ। इस्लाम धर्मावलम्बीको पवित्र पर्व रमजानको रोजा बसेका रोजेदार मुस्लिम धर्मावलम्बीहरुका लागि शुक्रबार साँझ वीरगन्ज महानगरपालिकाले संयुक्त इफ्तारी समारोह सम्पन्न गरेको हो।

आदर्शनगरस्थित पुरानो बसपार्कमा आयोजित कार्यक्रममा वीरगन्ज महानगरपालिकाका ३२ वटै वडाका ५ हजार भन्दा बढी मुस्लिम धर्मावलम्बीहरुको सहभागीता रहेको थियो।

उक्त इफ्तारी समारोहमा सहभागी मुस्लिम धर्मावलम्बीहरुलाई महानगरपालिकाले विभिन्न परिकारका साथै जलपान ग्रहण पनि गराएको थियो। संयुक्त इफ्तारी समारोहमा आफै पुगेर मेयर सिंहले मुस्लिम धर्मावलम्बीहरुलाई रमजान पर्वको शुभकामना आदान प्रदान पनि गरेका थिए।

मेयर सिंहले आपसी सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न आफु हिन्दु धर्मावलम्बी भएतापनि मुस्लिमहरुको मुख्य पर्व रमजानको उपलक्ष्यमा इफ्तार आयोजना गरिएको बताए।

त्यसैगरी वीरगन्ज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले धार्मिक सहिष्णुता कायम राख्न मुस्लिमहरुको मुख्य पर्व रमजानको उपलक्ष्यमा महानगरपालिकाले तीन वर्षदेखि निरन्तर रमजानमा संयुक्त इफ्तारी समारोह आयोजना गर्दै आएको बताए।

# बलात्कार आरोपमा पक्राउ

**सत्यराज सिंह / मध्यान्ह**
बझाङ, ८ चैत

बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले थलारा गाउँपालिका-४ का ६० वर्षीय गम्भिरे सार्कीलाई प्रकाउ गरेको छ। १६ वर्षीया बालिकालाई भदौ १५ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले चैत ८ गते जिल्ला प्रहरी कार्यालय बझाङमा उजुरी दिएपछि घरबाटै प्रकाउ गरी अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय बझाङका प्रहरी निरीक्षक लोकेन्द्र ठगुन्नाले जानकारी दिए।

पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत ८ गते स्वास्थ्य कार्यालय, बझाङमा गरिएको छ। चैत ८ गते नै जबरजस्ती करणी सम्बन्धी मुद्दा दर्ता भएको छ।


## स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, हेटौंडाको

**बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना**

प्रकाशन मितिः २०८१/१२/०९

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित Road Upgrading & Improvement works का लागि बोलपत्रको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मूल्यांकन समितिबाट मूल्याङ्कन हुदाँ तपसिल बमोजिमको बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र भई स्विकृतिको लागी सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) प्रयोजनार्थ बोलपत्रहरू स्वीकृति सम्बन्धि आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S.N. | Contract Id | Name of Bidder | Bid Price with VAT & PS |
|---|---|---|---|
| 1 | LIDPO/Htd/W/ NCB /108/081-82 | Himani/Kabya Construction Sewa, Sindhuli | 68,44,309.84 |
| 2 | LIDPO/Htd/W/ NCB/109/081-82 | Pratibha Construction, Sindhuli | 66,78,992.65 |
| 3 | LIDPO/Htd/W/ NCB/113/081-82 | Saisara Construction, Makwanpur | 64,70,469.12 |
| 4 | LIDPO/Htd/W/ NCB/114/081-82 | Syangtan Infra Pvt. Ltd., Makwanpur | 63,94,597.69 |
| 5 | LIDPO/Htd/W/ NCB/115/081-82 | Krishma Construction, Bhangal,Kapan | 70,32,570.95 |
| 6 | LIDPO/Htd/W/ NCB/118/081-82 | Resham Shivashakti Construction and Suppliers, Tripurasundari-02, Dhading | 69,35,616.67 |
| 7 | LIDPO/Htd/W/ NCB/119/081-82 | Krishma Construction, Bhangal,Kapan | 1,19,03,547.4 |
| 8 | LIDPO/Htd/W/ NCB/120/081-82 | Jigme Builders, Kavre | 69,46,019.29 |
| 9 | LIDPO/Htd/W/ NCB/121/081-82 | S.T.M./Amrit/P.P JV, Melamchi Mun-10, Sikharpur | 43,72,035.49 |
| 10 | LIDPO/Htd/W/ NCB/123/081-82 | Gombo Nirman Sewa, Bidur-08, Nuwakot | 56,39,137.36 |
| 11 | LIDPO/Htd/W/ NCB/124/081-82 | Thasang Developers Company Pvt. Ltd., Kathmandu-10 | 71,26,652.26 |
| 12 | LIDPO/Htd/W/ NCB/125/081-82 | Ba.Su.Construction, Likhu-01, Nuwakot | 1,04,54,451.90 |
| 13 | LIDPO/Htd/W/ NCB/126/081-82 | Bhastipur-Chhailing-Rashila JV, Chandragiri-12, Kathmandu | 66,11,239.80 |
| 14 | LIDPO/Htd/W/ NCB/128/081-82 | Jimmal Construction and Suppliers Pvt. Ltd.,Galchi-07, Dhading | 78,51,889.10 |



## कुवेतमा रोजगार

कम्पनी: LAZEEZ CORNER RESTAURANT COMPANY    शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/१२/०८    चलानी नं.: ६०२३४५१८    L.T. No.: 320824

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 1 | 0 | स. काममा दक्ष | 150 | ६७,१५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १६ गते (29 March 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

GOLD OVERSEAS PVT. LTD.    Govt. Lic. No. 1210/073/074
Basundhara Kathmandu, Tel: 5903225.
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com



## कुवेतमा रोजगार

कम्पनी: LUJI'S NAIL EXTENSION SALON COMPANY FOR LADIES BEAUTY    शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/१२/०८    चलानी नं.: ६०२३४५१७    LT. No.: 320823

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ६७,१५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manicure/Pedicure | 0 | 3 | | 150 | ६७,१५१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १६ गते (29 March 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Guideline Recruitment Service Pvt. Ltd.    Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

# बारा–ढल्केबर खण्ड निर्माण सम्पन्न

**मध्यान्ह संवाददाता**
बारा, ८ चैत ।

देशभित्रको विद्युत प्रसारण प्रणाली सुदृढीकरण तथा विश्वसनीय बनाउन र नेपाल-भारतबिचको विद्युत व्यापार विस्तारका लागि निर्माणाधीन हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी प्रसारण लाइन आयोजनाअन्तर्गत ढल्केबर-बारा खण्ड निर्माण सम्पन्न भएको छ। धनुषाको ढल्केबर सब स्टेसनदेखि पश्चिमतर्फ पर्ने महोत्तरी, सर्लाही, रौतहट हुँदै बारा र मकवानपुरको सिमानामा पर्ने सरस्वती डाँडासम्मको एक सय किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भएको हो ।

धनुषाको ढल्केबरबाट पूर्वतर्फ पर्ने सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसम्मको एक सय ५४ किलोमिटर चार सय केभी डबल सर्किट प्रसारण लाइन निर्माण निर्माण सम्पन्न भई गत असारबाट सञ्चालनमा आइसकेको छ । ढल्केबरबाट पश्चिमतर्फको विद्युत प्रवाहलाई थप सहज बनाउन रौतहटको चन्द्रनिगाहपुर (चपुर) बजार नजिक रहेको जंलसम्मको करिब ६० किलोमिटर चार सय केभी प्रसारण लाइनको एउटा सर्किटलाई एक सय ३२ केभीमा सञ्चालनमा (चार्ज) ल्याइएको छ ।

हाल चालु रहेको पूर्व-पश्चिम एक सय ३२ केभी प्रसारण लाइनलाई उक्त स्थानमा ट्यापिङ गरी बिहीबार नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको उपस्थितिमा चार सय केभी प्रसारण लाइनलाई एक सय ३२ केभीमा चार्ज गरिएको हो । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले ढल्केबरबाट पश्चिमतर्फ र पश्चिमबाट ढल्केबरतर्फ विद्युत पठाउन हाल रहेको पूर्वाधार संरचनाको बाधा हटाउन निर्माण सम्पन्न भएको चार सय केभीलाई एक सय ३२ केभीमा चार्ज गरिएको बताए ।



'हिउँद याममा हाल देखिएको ऊर्जा अभावलाई समाधान गर्न ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट दिउँसो थप विद्युत भारतबाट आयात गर्न सकिन्छ, यसबाट कुलेखानी जलाशय, माथिल्लो तामाकोसी, कालीगण्डकी, मर्स्याङ्दी, मध्य मर्स्याङ्दी जस्ता अर्ध जलाशययुक्त आयोजनाको पानी दिउँसो जम्मा गरी साँझको पिक र राती चलाउन सकिन्छ, यसबाट ढल्केबरबाट पश्चिमतर्फको विद्युत आपूर्ति व्यवस्थापनमा थप सहज हुनेछ', घिसिङले भने, 'वर्षायाम सुरु भएपछि देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत पश्चिमबाट ढल्केबरतर्फ प्रवाह गरी भारतमा हुने विद्युत निर्यातको परिमाण बढाउन सकिन्छ, साथै हाल चालू रहेको एक सय ३२ केभी प्रसारण लाइनको कन्डक्टर फेरेर क्षमता बढाउने काम अगाडि बढाउन सहज भएको छ ।'

प्राधिकरणले मकवानपुरको हेटौँडादेखि ढल्केबरसम्मको एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइनको स्तरोन्नति (तार फेर्ने) को काम गरिरहेको छ। पूर्व-पश्चिम एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइनको क्षमतावृद्धि गर्न हेटौँडादेखि ढल्केबर सबस्टेसनसम्मको करिब एक सय ३६ किलोमिटर खण्डमा पर्ने कम क्षमताको पुरानो तारलाई बदलेर उच्च क्षमताको नयाँ तार राख्न लागेको हो ।

यसमध्ये हेटौँडाबाट बाराको पिलुवा सबस्टेसनसम्मको दुवै सर्किटको तार फेर्ने काम सम्पन्न भइसकेको छ । ढल्केबरबाट सर्लाहीको लालबन्दीसम्मको एउटा सर्किटको काम सम्पन्न भएको छ । स्थानीयको अवरोधका कारण लालबन्दीभन्दा अगाडि तार फेर्ने काम रोकिएको छ। तार फेर्न लाइन बन्द (सट डाउन) गर्नुपर्ने र यसले गर्दा त्यस क्षेत्रको विद्युत आपूर्ति नै प्रभावित हुने भएकाले काम अगाडि बढ्न सकेको थिएन । अब चार सय केभीलाई एक सय ३२ केभीमा चार्ज गरिएकाले उक्त लाइनबाट विद्युत प्रवाह गरी तार फेर्ने काम अगाडि बढाउन सकिने भएको हो ।

अहिले पुरानो एक सय ३२ केभी प्रसारण लाइनबाट करिब २ सय मेगावाट विद्युत प्रवाह हुँदै आएकोमा कन्डक्टर बदलेपछि क्षमता वृद्धि भई करिब ४ सय मेगावाट प्रवाह हुन्छ। यसबाट त्यस क्षेत्रमा विद्युत आपूर्तिमा सुधार हुने, पश्चिम क्षेत्रमा उत्पादित विद्युतलाई पूर्वतर्फ थप प्रवाह गर्न सकिने र देशभित्र खपत गरी बढी भएको विद्युत्लाई ढल्केबर सबस्टेसनमार्फत् भारततर्फ निर्यात गर्न सकिन्छ ।

मकवानपुरको हेटौँडा उपमहानगरपालिका-११ स्थित थानाभर्याङस्थित हेटौँडा सब स्टेसनबाट इनरुवा सबस्टेसम्मको २ सय ८८ किलोमिटर चार सय केभी प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको थियो । प्रसारण लाइनलाई हेटौँडा-ढल्केबर एक सय ३४ किलोमिटर र ढल्केबर-इनरुवा एक सय ५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरिएको छ। यसमध्ये ढल्केबर-इनरुवा खण्ड निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ। हेटौँडा-ढल्केबर खण्ड निर्माणाधीन छ।

यस खण्डअन्तर्गत हेटौँडा उपमहानगरपालिका वडाहरू १५, १६ तथा १७ स्थिति हटिया क्षेत्रका केही स्थानीयले प्रसारण लाइनको रुट सार्न माग गर्दै करिब ८ वर्षदेखि निर्माणमा अवरोध गरिरहेका छन् । हटिया क्षेत्रमा १६ वटा र हेटौडा-११ स्थित थानाभर्याङमा २ वटा गरी १८ वटा टावर निर्माण गर्न बाँकी छन् । बाँकी २ वटा टावर निर्माणाधीन छन् । आयोजना नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत प्रसारण तथा व्यापार परियोजना अन्तर्गत सुरु गरिएको हो । विश्व बैंकको ऋण अवधि सकिएपछि बाँकी काम हाल सरकार र प्राधिकरणको लगानीमा भइरहेको छ ।

# ग्लोबलका ग्राहकलाई लुम्बिनी मेडिकल कलेजमा छुट



**काठमाडौं/मस –** ग्लोबल आईएमई बैंक लिमिटेड र लुम्बिनी मेडिकल कलेज एन्ड शिक्षण अस्पतालबीच ग्लोबल आईएमई बैंकका ग्राहकहरूलाई अस्पतालमा उपलब्ध विभिन्न स्वास्थ्य सेवामा २५ प्रतिशतसम्म छुट प्रदान गर्ने सहमतिपत्रमा हस्ताक्षर सम्पन्न भएको छ । उक्त समझदारीमा बैंकका लुम्बिनी प्रदेश प्रमुख शान्ता शिवाकोटी र अस्पतालका अध्यक्ष गोपालबहादुर पोखरेलले हस्ताक्षर गरेका हुन् । सहमतिअनुसार अस्पतालले बैंकका डेबिट/क्रेडिट कार्ड एव्म बैंकको मोबाइल एप (ग्लोबल स्मार्ट प्लस) प्रयोगकर्ताहरूलाई अस्पतालको सेवा तथा औषधी उपचारमा लाग्ने शुल्कमा २५ प्रतिशतसम्म छुट प्रदान गर्नेछ ।

अस्पतालले बैंकका ग्राहकहरूलाई अस्पतालको सामान्य बेड, प्रयोगशाला परीक्षण, एक्स-रे, अल्ट्रासोनोग्राफी, ओपीडी र अपरेसन लगायतका सेवाहरूमा २५ प्रतिशतसम्मको छुट प्रदान गर्नेछ । यस साझेदारी पश्चात् ग्लोबल आइएमई बैंकका ग्राहकहरूले गुणस्तरीय स्वास्थ्य सेवा सुविधाहरू उचित दरमा प्राप्त गर्ने र अस्पतालले स्वास्थ्य सेवा तथा सुविधाहरु विस्तार गर्न यस सहकार्यले सहयोग पुग्ने अध्यक्ष पोखरेलले बताए ।

पोखरेलले यो पहलले पहुँचयोग्य स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने कुरा समेत स्पष्ट पारे । यसैगरी, ग्लोबल आईएमई बैंकका लुम्बिनी प्रदेश प्रमुख शान्ता शिवाकोटीले लुम्बिनी मेडिकल कलेज एन्ड शिक्षण अस्पतालसँगको साझेदारीले बैंकका ग्राहकहरूलाई लाभान्वित गर्ने र बैंकको कार्ड तथा मोबाईल बैंकिङ सेवाको प्रयोगकर्ता वृद्धि हुने विश्वास व्यक्त गरे ।

ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले यस्ता किसिमका विभिन्न समयसान्दर्भिक छुट योजनाहरू ल्याएर ग्राहकहरूलाई प्रत्यक्षरूपमा लाभान्वित गर्दै आएको छ ।

# सिटिजन्सको नयाँ शाखा खोटाङको दिक्तेलमा



**काठमाडौं/मस –** सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले कोशी प्रदेशको खोटाङ जिल्ला, दिक्तेल स्थित रुपाकोट मझुवागढी नगरपालिका वार्ड १ मा नयाँ सञ्चालनमा ल्याएको छ । यो सँगै बैंकको २०० वटा शाखाहरू सञ्चालनमा आएका छन् ।

कार्यक्रमलाई संवोधन गर्दै प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलज्यूले ग्राहकहरूलाई उत्कृष्ट सेवा सुविधा पुर्‍याउने क्रममा खोटाङ दिक्तेलमा नयाँ शाखा सञ्चालनमा ल्याएर अझ उच्चस्तरीय ग्राहक सेवामा समर्पित रहने कुरा व्यक्त गरे। समारोहमा स्थानीय निकायका प्रतिनिधिहरू, उद्योगी, व्यापारी, विभिन्न संघ संस्थाका प्रमुख तथा नागरिक समाजका अगुवाहरूको उपस्थिति रहेको थियो ।

सुविधा सम्पन्न सो शाखामार्फत् ग्राहकहरूको वित्तीय आवश्यकता पूरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैंकिङ सेवा प्रदान गर्नुका साथै साना तथा मझौला व्यवसायीहरू माझ वित्तीय पहुँच पुर्‍याउने लक्ष्य बैंकले राखेको छ । नयाँ शाखा सञ्चालनको अवसरमा यो शाखामा खाता खोल्दा कर्पोरेट मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङ जस्ता सेवाहरु पहिलो वर्ष निःशुल्क प्राप्त गर्न सकिनेछ । डी-म्याट खाता खोल्दा लाग्ने शुल्कमा पहिलो वर्षको लागि छुटको व्यवस्था रहेको छ ।

# पर्यटन बोर्ड र 'युएनडिपी'बीच सहकार्य

**काठमाडौं/मस –** नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम नेपाल (युएनडीपी-नेपाल) ले संयुक्त रूपमा 'दिगो पर्यटन परियोजना (एसटीपी)' नामक नयाँ परियोजना सुरु गर्नेसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। नेपाल पर्यटन बोर्डमा शुक्रबार आयोजित कार्यक्रममा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपकराज जोशी र युएनडीपी नेपालकी आवासीय प्रतिनिधि क्योको योकोसुकाले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव विनोदप्रकाश सिंह र यूएनडीपीको एसिया र प्यासिफिक क्षेत्रीय निर्देशक क्रिस्टोफ बहुइटको उपस्थितिमा बोर्डका सीईओ जोशी र यूएनडीपी(नेपालकी आवासीय प्रतिनिधि योकोसुकाले सम्झौतापत्र आदानप्रदान गरेका हुन् । स्थानीय समुदायका लागि रोजगारी र जीविकोपार्जनका अवसर सिर्जना गर्ने उद्देश्यसहित पर्यटन सेवासुविधा सुधार, पर्यटन कार्यबललाई सीपमूलक तालिम र पर्यटकीय गन्तव्य प्रवर्द्धन गर्न अघि बढाइएको यो परियोजनाको सफलताका लागि सरकार प्रतिबद्ध रहेको मन्त्रालयका सचिव सिंहले बताएका छन् ।




कूल लागत ५ मिलियन (५० लाख) अमेरिकी डलर रहेको यो परियोजनामा नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले प्रत्येकले १.५ मिलियन अमेरिकी डलर योगदान गर्नेछन् भने थप २ मिलियन अमेरिकी डलर संयुक्त रूपमा परिचालन गरिनेछ । यस परियोजनाले तीन वर्षको अवधिमा (२०२५-२०२८) दुई हजार पाँच सय दिगो रोजगारी सिर्जना गर्ने र ५ हजार जनालाई पर्यटनसम्बन्धी सीप अभिवृद्धि गर्ने लक्ष्य लिएको छ।

प्रमुख पर्यटकीय स्थलहरूमा साना पर्यटन पूर्वाधार तथा पदमार्गहरूको निर्माण र सुधारका साथै नेपालको पर्यटन डिजिटलाइजेशनलाई प्रवर्द्धन गरी सेवा प्रभावकारिता र पहुँच वृद्धि गरिनेछ यस परियोजनाको लक्ष्य रहेको छ । सम्झौतापत्रमा हस्ताक्षर कार्यक्रममा बोल्दै नेपाल पर्यटन बोर्डका सीईओ जोशीले युएनडीपीको साझेदारीप्रति धन्यवाद व्यक्त गर्दै भने, 'यस परियोजनाले नेपालमा पर्यटन अनुभवलाई मात्र उन्नति गर्ने होइन, स्थानीय समुदायलाई रोजगार र उद्यमशीलताका अवसरहरू प्रदान गर्दै नेपाललाई एक सशक्त र विश्वस्तरीय पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न मद्दत गर्छ ।'

त्यसैगरी, युएनडीपी-नेपालकी आवासीय प्रतिनिधि क्योको योकोसुकाले भनिन्, 'नेपालको पर्यटन क्षेत्रको रूपान्तरणमा युएनडीपीले जोडिन पाउँदा गर्व महसुस गरेको छ, यो परियोजना स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी नेपालको आर्थिक सम्भावना वृद्धि गर्न र दीगो पर्यटनलाई प्रवर्द्धन गर्ने हाम्रो प्रतिबद्धता रहेको छ ।'

परियोजनाले नेपालको १६औं योजना, दिगो विकास लक्ष्य र नेपाल पर्यटन दशक (२०२३-२०३२) परिकल्पना गरेको प्राथमिकता (२०३२ सम्ममा वार्षिक पर्यटक आगमन ३५ लाख पुर्‍याउनु र नेपाललाई विश्वभरका यात्रुहरूका लागि अझ आकर्षक र दिगो गन्तव्य बनाउने) लाइ बल पुर्‍याउने बोर्डले जनाएको छ । नेपाल पर्यटन दशकले सन् २०३२ सम्म वार्षिक पर्यटक आगमन ३.५ मिलियन पुर्‍याउने लक्ष्य लिएको छ। नेपाल पर्यटन बोर्ड र युएनडीपी-नेपालले यसअघि संयुक्त रूपमा सञ्चालन गरेको दिगो पर्यटनमार्फत् जीविकोपार्जन पुनरुत्थान परियोजना (एसटीएलआरपी) ले कोभिड-१९ महामारीपश्चात् प्रभावित पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो। सो परियोजनाले सगरमाथा र अन्नपूर्ण क्षेत्रमा साना पर्यटन पूर्वाधार निर्माण र सांस्कृतिक सम्पदाको पुनर्निर्माण गर्दै एक हजार ६ सय जनालाई रोजगार सिर्जना गरेको थियो ।

यस नयाँ परियोजना एसटीपीले नेपालका प्राकृतिक र सांस्कृतिक सम्पदामा लगानी, पूर्वाधार विकास, कार्यबलको क्षमता अभिवृद्धि र डिजिटल नवप्रवर्तनमार्फत पर्यटक वृद्धि गर्दै नेपालमा रहने अवधि बढाउने र खर्चमा वृद्धि गराउने लक्ष्य लिएको छ ।

## नबिलका ५ भिसा कार्डबाहकले जिते उपहार

**काठमाडौं/मस–** भिसा कार्ड इन्टरनेसनलले २०८१ सालको दशैंलाई लक्षित गरी सञ्चालन गरेको 'बेस्ट २५ भिसा स्पेन्डर क्यापिङ'मा नबिल बैंकका पाँच जना भिसा कार्डबाहक परेका छन् । भिसा कार्डमार्फत् सबैभन्दा बढी खर्च गर्ने कार्डवाहकहरू शीर्ष २५ मा परेका हुन् । भाग्यशाली विजेताहरूले एक जोडीका लागि विदेश भ्रमणको दुईतर्फी टिकट प्राप्त गरेको भिसा कार्ड इन्टर नेसनलले जनाएको छ ।

